जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १४, २०८० साल असार २९ गते शुक्रबार, नेपाल संवत् ११४३ (July 14, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## ब्याजदर निर्धारणमा तोडियो कार्टेलिङ

काठमाडौं । नेपाल बैंकर्स एसोसिएसनले बैंकहरूले आ-आफ्नै आवश्यकता अनुसार ब्याजदर तोक्ने सहमति गरेका छन् । बिहीबार बिहान बसेको संघको बैठकले यस्तो निर्णय गरेको हो । बैंकिङ प्रणालीमा ४ खर्बभन्दा धेरै कर्जा लगानी योग्य पुँजी थुप्रिएपछि धेरै बैंकहरूले साउनमा निक्षेपको ब्याजदर घटाउने तयारी गरिरहेका छन् ।

बैंकर्स संघले केही वर्षदेखि आपसी सहमतिमा ब्याजदर निर्धारण गर्दै आइरहेका थिए । बैंकर्सहरूले ब्याजदर निर्धारण गर्दा अहिले पनि राष्ट्र बैंकले दिएको **बाँकी ८ पेजमा**

## तरकारी र फलफूलको मूल्य बढ्यो

काठमाडौं । असार पहिलो साताको तुलनामा अन्तिम साता आइपुग्दा उपत्यकामा तरकारी तथा फलफूलको मूल्य अचाक्ली बढेको छ । बाढीपहिरो जाँदा ढुवानीमा समस्या भएकाले तरकारी तथा फलफूलको मूल्य वृद्धि भएको व्यवसायीहरू बताउँछन् ।

गोलभेडा, स्थानीय काउली, सेतो मुला (हाइब्रिड), लाम्चो भन्टा, तने बोडी, तितेकरेला, तराईको परवल र घिरौला, रायो साग लगायत तरकारीको मूल्यमा अचाक्ली वृद्धि भएको छ । यस्तै फुजी स्याउ, केरा मालदह आँप, दसहरी आँप, हरियो तरबुजा, हरियो खुर्सानी र हरियो खुर्सानी (बुलेट) को बजार भाउ अत्यधिक बढेको छ ।

# जन्मको आधारमा नागरिकता : खतरामा राष्ट्रियता

काठमाडौं । नेपालका उत्तरी र दक्षिणी छिमेकी मुलुकहरू चीन र भारतमा झन्डै पौने तीन अर्ब मानिस बसोबास गर्छन् । भारतीयहरूको जनसंख्या १ अर्ब ४० करोड नाघेको छ । भारतले जनसंख्यामा चीनलाई समेत उछिन्दैछ । चीन र भारतको तुलनामा नेपालको जनसंख्या नगन्य छ । ०७८ को पछिल्लो जनगणना अनुसार २ करोड ९१ लाख ९२ हजार ४ सय ८० नेपालको जनसंख्या रहेको छ । नेपालमा प्रतिघन्टा ६१ जना, प्रतिदिन १ हजार ४ सय ६४ जना र प्रतिवर्ष ५ लाख ३२ हजार ३ सय ३६ मानिस थपिन्छन् । नेपाल र भारतबीच खुला सीमा भएका कारण प्रतिदिन कति भारतीय नेपाल आउँछन् ? यसको तथ्यांक छैन । भारतसँग सीमा जोडिएको तराईमा दोहोरो नागरिकता लिएका कति भारतीयहरू बसोबास गर्छन् त्यो अनुमान गर्न पनि कठिन छ । जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिने नागरिकता ऐन ०६३ संशोधन विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएर कार्यान्वयनमा आएसँगै अब तराईमा रैथाने आदिबासी मधेसीहरू अल्पमतमा पर्ने खतरा बढोत्तरी भएको छ । वंशजको नागरिकता लिनेहरूको भीडले कालान्तरमा तराई नेपालको मानचित्रबाट गायब हुने सम्भावनालाई बलशाली बनाएको छ । नागरिकता बाँड्न टोकन सिस्टमको व्यवस्था गरिनुले नागरिकता लिने जन्मसिद्धका सन्तानको भारतीय घुइँचोलाई अनुमान गर्न सकिन्छ ।

विश्वका प्रायश: राष्ट्रहरू नागरिकताको विषयमा अत्यन्त संवेदनशील छन् । जन्मका आधारमा नागरिकता दिने प्रचलनलाई संयुक्त अधिराज्य ब्रिटेनले समेत खारेज गरिसकेको छ । यस्तो नागरिकता दिने विश्वमा संयुक्त राज्य अमेरिका र क्यानडा मात्र छन् । अमेरिका त आप्रबासीहरूकै मुलुक बनिसकेको छ । क्षेत्रफल विशाल र जनसंख्या कम भएका कारण क्यानडाले जन्मका आधारमा नागरिकता दिइरहेको छ । तर नेपालको भूअवस्थिति र आकार भिन्न छ । विश्वको ०.००३ प्रतिशत र एसियाको



०.३ प्रतिशत भूभाग नेपालले ओगटेको छ ।

नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध छ । भारतबाट बुहारी ल्याउने र नेपाली चेलीहरू भारतीय बुहारी बन्ने पुरातन चलन कायमै छ । सुत्केरी गराउन भारतीयहरूले श्रीमती नेपालका अस्पताल ल्याउँछन् नेपालका भने भारतका अस्पतालमा कमै जान्छन् । नेपालका अस्पतालमा जन्मिएका भारतीय सन्तानलाई अस्पतालले बर्थ डे सर्टिफिकेट दिन्छ । पछि त्यसकै आधारमा भारतीयहरूले नेपालको नागरिकता पाउने सुविधा गरियो । यसले नेपाल फिजीकरणको बाटोमा अघि बढेको तर्फ देशभक्त नेपालीहरू चिन्तित छन् ।

जन्मका आधारमा नागरिकता भारतले दिँदैन । विदेशी नागरिकता त्यागेकी भारतीय बुहारीले भारतीय नागरिकता प्राप्त गर्न भारतमा लगातार सात वर्ष बसोबास गरेको हुनुपर्छ । त्यसपछि उनले नागरिकताका लागि आवेदन दिन पाउँछिन् । नागरिकता पाउने ग्यारेन्टी भने हुँदैन । गृह प्रशासनका अधिकारीहरूको तजबिजमा भर पर्छ नागरिकता पाउने नपाउने । तर नेपाली नागरिकसँग विवाह गरेर आउने भारतीय चेलीले विवाहकै भोलिपल्ट नेपालको नागरिकता पाउने नागरिकतासम्बन्धी व्यवस्थाले तराईमा नेपाली महिलाहरू नै अल्पमतमा पर्नेवाला छन् । जन्मका आधारमा नागरिकता पाएको दश वर्षपछि नेपालको कुनै पनि अति विशिष्ट सार्वजनिक पदमा पुग्न सक्ने बाटो खोलिएको छ । जन्मका आधारमा नागरिकता पाउनेहरूले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश लगायत रजुनसुकै अति विशिष्ट पदमा पुग्न सक्ने वैधानिक अधिकार राख्छन् । यस्तो व्यवस्थाले भविष्यमा महिन्द्रा चौधरीहरूको उदय नहोला भन्न सकिन्न । फिजीकरण गर्दै नेपाललाई सिक्किमीकरण गर्ने भारतीय अभिष्टताले सार्थकता पाउने सम्भावनालााइ नजरअन्दाज गर्न मिल्दैन ।

नागरिकता वितरणसम्बन्धी विषय नेपालको जनसंख्या नीतिसँग सम्बन्धित विषय हो । नीति कस्तो हुनुपर्ने भन्ने स्पष्ट नै नभई जन्मका आधारमा नागरिकता पाएका सन्तानलाई धमाधम नागरिकता बाँडिनु अक्षम्य राष्ट्रघात हो । अहिले बनेको नागरिकता संशोधनको मूल अभिप्राय: भारतीयहरूलाई नेपाली नागरिकता दिनु नै हो । २०७२ साल असोज ३ गतेसम्म जन्मका आधारमा नागरिकता पाउनेका सन्तानले १६ वर्षको उमेरमा नागरिकता पाउने हो । त्यो भनेको २०८८ साल हो जतिबेला उनीहरू १६ वर्ष पुग्नेछन् । नागरिकता ऐन २०६३ को दोस्रो संशोधन २०६४ ले अंगीकृत वा **बाँकी ८ पेजमा**

## सीताको निधनमा सी र मोदीको समवेदना

काठमाडौं । चिनियाँ कम्युनिष्ट पार्टीले प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालकी पत्नी सीता दाहालको निधनप्रति गहिरो दु:ख व्यक्त गरेको छ । चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ जियानचाओले जारी गरेको शोक सन्देशमा दाहालको निधनप्रति दु:ख व्यक्त गर्दै शोकसन्तप्त परिवारलाई समवेदना प्रकट गरिएको छ ।

'सीता दाहाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को एक महत्वपूर्ण नेताका रूपमा काम गरेको र हाम्रो विभागको निमन्त्रणामा भएको चीन **बाँकी ८ पेजमा**

## जनगणना तथ्यांकमा छुटे नागरिक

काठमाडौं । ०७८ को जनगणनाको पूर्णता र शुद्धता मापन गर्न राष्ट्रिय तथ्यांक कार्यालयले त्रिभुवन विश्वविद्यालयको श्रम अध्ययन कार्यक्रममार्फत गराएको अध्ययनले जनगणनाको नतिजामा सात लाख ७१ हजार नौ सय ९८ मानिस छुट्न गएको देखाएको छ । तर, यो संख्या जनगणनाको यसअघि सार्वजनिक अन्तिम नतिजामा जोडिँदैन । अघिल्लो जनगणनाको तुलनामा यसपटक छुट कम देखिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको देशको जनगणनाको नतिजामा सात लाख ७१ हजार नौ सय ९८ मानिस छुट्न गएका छन् । त्रिभुवन विश्वविद्यालयले गरेको गणना जाँच सर्वेक्षणमा यस्तो देखिएको हो ।

श्रम अध्ययन कार्यक्रमबाट जनगणनाको पूर्णता र शुद्धता **बाँकी ८ पेजमा**

## औषधिको आयात घट्यो

काठमाडौं । आर्थिक मन्दी र मूल्यवृद्धिका कारण क्लिनिक तथा अस्पतालमा पुग्ने बिरामीको संख्या घटेसँगै स्वत: औषधिको खपत घट्न थालेको छ। आर्थिक मन्दी, मूल्यवृद्धि, महँगो स्वास्थ्य उपचार, कालोबजारीलगायत कारण मुलुकमा औषधि खपतसमेत घटेको छ। गत आर्थिक वर्षको ११ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा ३६.३८ प्रतिशतले कोभिडखोपसहित औषधि आयात घटेको भन्सार विभागको तथ्यांक छ। गत आर्थिक वर्षको ११ महिनामा कोभिड खोपसहित ६३ अर्ब २४ करोड रुपैयाँको औषधि आयात भएको थियो। चालु **बाँकी ८ पेजमा**

## एकतर्फी सडक विस्तारमा कामपा

काठमाडौं । दुवै तर्फबाट सवारीसाधन आवतजावत गर्दा समस्या आएको भन्दै काठमाडौं महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रमा पर्ने केही सडकमा एक तर्फबाट मात्रै सवारीसाधन सञ्चालन गर्ने तयारी गरेको छ। यसरी एकतर्फी बनाउने सडकमा महेन्द्र सालिक क्षेत्रको सडक, कमलादी क्षेत्र, जमल क्षेत्र, सिफल क्षेत्र, डिल्डीबजार चारखाल क्षेत्रका सडकमा एकतर्फी गर्न लागिएको कामपाको ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ ।

उनका अनुसार सडक एकतर्फी कहिलेदेखि गर्ने, कुन समयमा गर्ने वा सबै समयमा नै सडक एकतर्फी बनाउनेबारे छलफल र अध्ययन **बाँकी ८ पेजमा**

## विशाल नेपालको नक्शासहितको स्टिकर टाँसियो

काठमाडौं/ विशाल नेपाल महाअभियानले गोगंवु बसपार्कबाट छुटने सबै गन्तव्यका बसहरूमा विशाल नेपालको नक्सा सहित स्थायी नारा भएको १ हजार ५ सय वटा स्टिकर टाँसेको छ।

**बाँकी ८ पेजमा**




## ब्यासका गोठमा भारतीय सैनिक

काठमाडौं । दार्चुला ब्यासका छाङहरू र तिंकर गाउँका बासिन्दाले २०१८ सालअघिसम्म तिल्सी (कालापानी) पडाव (स्टेसन) मा भेडीगोठ राख्ने गरेका थिए । ती ठाउँमा अहिले भारतीय सुरक्षा फौज छ । स्थानीय बासिन्दा गाउँबाट तिल्सी पडावमा एक बास बसेर दोस्रो दिन ताक्लाकोट पुग्थे । 'व्यापार बाहेकको समयमा भेडाबाखा र चौरी झुप्पु तिल्सी क्षेत्रमै चरणका लागि लैजाने गर्थ्यौं' छाङरुका भजनसिंह ऐतवाल बताउँछन् ।

ब्यासका बुढापाका अहिलेको कालापानीलाई तिल्सी भन्छन् । त्यस ठाउँको नाम भारतीय सैनिक बसेपछि मात्रै कालापानी रहेको उनीहरूको भनाइ छ । 'तिल्सी पडाव क्षेत्रलाई २०१८ सालपछि कालापानी भनिँदै आयो' ऐतवालले बताए ।

तिंकरका ९२ वर्षीय शोभानसिंह तिवारीका अनुसार कालापानीको तल्लो भागलाई पाङ्खा, तिल्सी, पडाव



(कालापानी) क्षेत्रलाई यार्का, किर्मङकाङ, डोङकाङ, स्याङच्याम हुँदै लिपु भन्ने गरिन्थ्यो । किर्मङकाङ र स्याङच्याममा पत्थर (स्लेट) ले छाना लगाइएका धर्मशाला छन् । ती धर्मशालामा हुम्लाबाट लामा आएर बस्थे । अहिले पनि भग्नावशेष भेट्न सकिन्छ ।

वैशाखमा बेंसीबाट कुन्चा सरेपछि तलबाट लगेको सामान ताक्लाकोट बजार पुऱ्याएर भेडाबाखा लगायतका पशुवस्तु कोहीले कालापानी क्षेत्रमै छोडिदिन्थे । ७८ दिनको अन्तरमा हेरेर आउने र कोही तिल्सी पडावमै केही महिना बस्ने गर्थे । **बाँकी ८ पेजमा**

## ४ हजार घर बाढीको जोखिममा

काठमाडौं । काभ्रेपलाञ्चोकमा यस वर्षको 'मनसुनजन्य विपद्' मा तीन हजार सात सय ५७ घर उच्च जोखिममा रहेका छन् । सबैभदा बढी मण्डनदेउपुर नगरपालिकाका बासिन्दा जोखिममा रहेको अनुगमन तथा निरीक्षणको तथ्यांकले देखाएको छ । विपद् तथा जोखिम वर्गीकरणमा जिल्लाका तीन हजार सात सय **बाँकी ८ पेजमा**

## जापानको साढे ३८ करोड अनुदान


काठमाडौं । जापान सरकारले नेपालका निजामती कर्मचारीलाई दिने मानव संशाधन विकास छात्रवृत्ति (जेडीएस) कार्यक्रमको तेस्रो चरण कार्यान्वयनका लागि नेपाल सरकारलाई साढे ३८ करोड **बाँकी ८ पेजमा**

## भानुभक्तको रिसाहा स्वभाव

सन्दर्भ भानुजयन्ती


■ घनश्याम ओली

वि.सं. १८७१ असार २९ गते तनहुँको रम्घा शिखरकटेरीमा धर्मावतीदेवीको कोखबाट धनन्जय आचार्यका उत्तराधिकारी भानुभक्त आचार्य जन्मिएका थिए । आदिकविको रुपमा उनको २ सय २ औं जन्मजयन्ती मनाइएको छ । नेपालमा भन्दा बढी हर्षोल्लासका साथ दार्जिलिङ, सिक्किममा उनको जन्मजयन्ती मनाइएको देखियो । भारतीय राष्ट्रपति प्रणव मुखर्जी दार्जिलिङ पुगेर बूढा भानुको पाउमै शिर झुकाएर श्रद्धा सुमन चढाए । पश्चिम बंगालका राज्यपाल केशरीनाथ त्रिपाठी र मुख्यमन्त्री ममता बेनर्जी पनि जन्मजयन्ती कार्यक्रममा सहभागी रहे । भारतले सरकारी स्तरबाटै जन्मजयन्ती कार्यक्रम आयोजना गरी आदिकवि आचार्यमाथि सम्मान गरेको छ । सरकारअन्तर्गतको



सूचना तथा संस्कृति विभागले आयोजना गरेको थियो । नेपालमा भने भानु जन्मजयन्ती औपचारिकता निर्वाह गर्दै मनाइयो । दार्जिलिङ र सिक्किममा जस्तो उत्साहका साथ भानु जन्मजयन्ती नेपालमा मनाइएन । आखिर किन ?

भानुभक्तलाई खस आर्य भाषाका प्रवर्तकका रुपमा उभ्याउने कोसिस गरिएको छ । खस भाषा इनर भाषाभाषीहरूले भानुलाई आदिकवि मान्नुपर्ने कारण पनि छैन । भानुभक्तको




प्रचार यसरी गरिएको छ मानौं उनी सबै भाषाका आदिकवि हुन् । भानुभक्तभन्दा पहिले नै अरु कविहरूले खस भाषामा महाकाव्य नै लेखिसकेको इतिहासकारले बताएका छन् । मोतीराम भट्टले समेत भानुभक्तलाई आदिकवि भनेका थिएनन् । कवि मात्र भनेका थिए । वि.सं. १९४१ म रामायणको बालकाण्ड प्रकाशित गर्दा मोतीरामले भानुलाई 'प्राचीन कवि' का रुपमा चिनाएका थिए । दार्जिलिङबाट वि.सं. १९९५ मा 'भानुभक्त स्मारक ग्रन्थ' प्रकाशित हुँदा नेपालका श्री ३ जुद्धशमशेरले भानुभक्तलाई नेपालका आदिकवि हुन् भने पनि हुन्छ भन्ने सन्देशमा हस्ताक्षर गरेपछि औपचारिक रुपमा भानुभक्तलाई नेपाली भाषाका आदिकविका रुपमा चिन्न थालिएको हो । विद्यालयका पाठ्यक्रमहरूमा उनको जीवनी समावेश गरियो र उनको प्रचार आउने पिँढीहरूसम्म गरियो ।

भानुभक्त १९१२ तिर जेल परेका थिए पाँच महिनासम्म । आचार्य परिवारको मुख्य पेसा भनेको पुरोहित गर्नु नै थियो । जागिरका र पुरोहित्याइँका पैसा सुदमा लगाउने गर्थ्यो आचार्य परिवार । जसले साँवा ब्याज तिर्न सर्क्दैनथ्यो त्यसको जमिन हडप्थे आचार्यहरू । भानुभक्तको झगडा गिरिधारीलाल भाटसँग भएको थियो । भाटले सिमाना मिचेको भन्दै भानुभक्तले उजुरी हालेका थिए । पछि मुद्दा भानुले नै जितेका थिए । माथवरसिंह थापासँग उनको सम्बन्ध राम्रो भएका कारण सरकारी फैसला उनको पक्षमा आएको थियो । यही सीमा विवाद मुद्दामा उनी थुनामा परेका थिए । तर सरकारी हिसाबकिताब बुझाउन नसक्दा उनी थुनिएको भन्ने गरिएको छ । जतिबेला भानुभक्तले अलकापुरी **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, श्री ऋषिकेश पन्त, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ, डा.गंगादत्त नेपाल

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# स्वार्थको राजनीति

राजनीतिले जब सिद्धान्त, आदर्श, मूल्य, मान्यता र जनताप्रतिको प्रतिबद्धतालाई अस्वीकार गर्दै अघि बढ्छ सबै पक्ष अस्तव्यस्त हुन्छ, अहिले देश यही अवस्थाबाट गुज्रिराखेको छ । व्यक्तिगत स्वार्थ सिद्ध गर्न राजनीतिलाई व्यापार बनाइएको छ । यसरी देश अघि बढ्दैन । नेपालको राजनीति विचित्र छ । अहिलेसम्म पनि राजनीतिक दल र तिनका नेताहरू मुलुकप्रति त्यति गम्भीर भएको देखिएनन् । यदि नेताहरू मुलुकप्रति गम्भीर हुन्थ्ये भने आज देश आर्थिक रूपमा यथास्थितिमा रहने थिएन । मुलुकले धेरै फड्को मारिसक्थ्यो । देशको माया छ भने नेताहरू मुलुकप्रति गम्भीर बन्नु पर्छ । यस प्रकारका गलत प्रवृत्तिलाई समाप्त गर्न जनता उठनुपर्ने हुन्छ । यदि देश बनाउने हो भने राजनीतिक दल र तिनका नेताहरू देशप्रति इमानदार हुन जरूरी छ । अहिले पहिलाजस्तो निष्ठाको राजनीति छैन ।

देशको भाग्य र भविष्य निर्माण गर्ने भनेको नै राजनीतिक दल र तिनका नेताहरूले हो । अरू आएर गर्ने होइन । सबैभन्दा पहिला नेतामा इमानदारी हुनुपर्छ । त्यसो भयो भने मात्र आश गर्ने ठाउँ हुन्छ । राजनीतिलाई सबैले सेवाभावले हेर्नुपर्छ । राजनीतिका नाममा कमाउने धन्दा चल्यो भने देश बर्बाद हुन्छ । यो कुरामा सबै सचेत बन्न जरूरी छ । राजनीतिमा गलत कार्य हुन थाल्यो भने जनताले बिश्वास गर्दैनन् । पछिल्लो समय राजनीतिप्रति आमजनताको वितृष्णा बढ्दो छ । अब राजनीतिक दल र तिनका नेताहरूले गम्भीर भएर सोच्नुपर्छ । मुलुकको विकास, सुशासन र समृद्धिको मार्ग अगाडि बढाउनु आजको आवश्यकता हो । यो तर्फ सबैको ध्यान जान जरूरी छ ।

मुलुक सबै हिसाबले कमजोर बन्दै गइरहेको अवस्था छ । गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारी आमजनताको प्राथमिकताको विषय बन्नुपर्छ । राजनीतिक दल र तिनका नेताहरू यो विषयमा गम्भीर बन्नुपर्छ । आफ्नै स्वार्थ र अवसरका लागि नेताहरू दौडधुपमा छन् । यसरी मुलुक बन्दैन । गलत प्रवृत्तिले राजनीतिलाई विकृत र कमजोर बनाइदिएको छ । राजनीतिक दल र तिनका नेताको गलत संस्कार र भ्रष्ट प्रवृत्तिमा सुधार आउनुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई बलियो बनाउन लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा आउनुपर्छ ।

वर्तमान गठबन्धन सरकारसँग जनताका तमाम समस्या समाधान गर्ने र विकासका स्पष्ट योजना ल्याउने कुनै भिजन नै देखिएको छैन । उल्टो जनता मारमा पर्ने गरी महँगी बढेको बढै छ । बढ्दो महँगीका कारण जनता बिहान र बेलुकी के खाऊ भन्ने समस्याले सताइन थालेका छन् । सरकारले जनताको मन जित्ने गरी काम गर्न नसकेकै हो । सरकारले गतिका साथ काम गर्न नसक्दा जनता निराश छन् । यो सरकार तथा राजनीतिक दलका लागि अशुभ संकेत हो । यसमा उनीहरूले गम्भीरतापूर्वक सोच्नुपर्छ । जनताको समस्या समाधान गर्न सरकार गम्भीर बन्नुपर्छ । सरकारको असफलताका कारण आमजनतामा निराशा उत्पन्न भएको छ । शासकमा नैतिकता इमानदारी र पारदर्शिता हुनुपर्छ । शासक र राजनीतिक दलका नेता भ्रष्ट हुनु हुँदैन ।

# “गर कि मर” को दोसाँधमा विशाल नेपाल अभियान



**सुरेन्द्र ढकाल**

> हामी विशाल नेपाल चाहने सम्पूर्ण राष्ट्रवादीहरूले आफूलाई त्यसको विपक्षमा उभ्याई यहाँका लम्पसारवादी दलालहरूको दलको मुख्यालय ध्वस्त बनाउँदै यी दलालहरूलाई सफाया गर्ने क्रान्तिको शुरूवात गर्दै हिन्द–अमेरिकी रणनीति विरोधी राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिलाई परिचालन गरी कालापानी लगायत ७१ भन्दा बढी स्थानमा मिचिएको नेपाली भूमिबाट भारतीय सुरक्षा बललाई लघार्दै, नेपाल र बंगलादेश बीचको चिकेन नेक भनिने भूमिलाई कब्जा गर्नु पर्दछ ।







हिजो १९७० को दशकमा सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गरेको बलमा भारतले पाकिस्तान विखण्डन गरी बंगलादेश बनायो, सिक्किम खायो, चीन टुलुटुल हेरेर मात्रै बस्यो केही गर्न सकेन । त्यही भारत अहिले अमेरिकासँग हिन्द प्रशान्त रणनीतिमा जोडिन गएको छ जसको उद्देश्य भनेको चीनलाई जसरी हुन्छ ताइवान, हङकङ, मकाउ, तिब्बत र मुस्लिम बहुसंख्यक रहेको उत्तर–पश्चिम चीनको सिन ज्याङ प्रान्त गरी ५ टुक्रामा विभाजन गर्नु हो । यसको लागि अमेरिकाले भारतलाई चीन बराबरीको आणविक शक्ति बन्न पनि सघाइरहेको छ । चीन हिजो ७० को दशकको जस्तो कमजोर छैन अहिले । हुन त कमजोर नै भएको बेलामा पनि चीनले अमेरिकालाई भियतनाम र कोरिया युद्धमा परास्त गरेकै थियो । १९६२ मा त्यही चीनले भारतलाई युद्धमा नराम्ररी पछारेकै हो । त्यही हारको बदला लिन चाहन्छन् अमेरिका र भारत चीनसँग । भियतनाम र कोरियाको युद्धमा हारेको अमेरिकालाई गत वर्षमात्रै अफगानिस्तानबाट पनि हात धुनु पर्‍यो । युक्रेनलाई रुसविरुद्ध उचालेर युद्धमा झोस्न अमेरिका सफल त भयो त्यस कार्यले रुस चीनलाई अमेरिका विरुद्ध एकै मोर्चामा आउन बाध्य बनाएको अवस्था छ अहिले ।

बहुलवादी राजनीति व्यवस्था, मानव अधिकार नभएको र लगातार एकमना ढंगले आणविक परीक्षणको आतंक गरी विश्वलाई तर्साएको आरोपमा अमेरिकाको लहैलहै लागेर पश्चिमा राष्ट्र र संयुक्त राष्ट्र संघ समेतले एक दशकभन्दा बढीदेखि उत्तर कोरियालाई आर्थिक नाकाबन्दी गरिरहेका छन् । उत्तरमा चीन आफ्नो छिमेकी भएको र सबै आयात निर्यात चीनमार्फत गर्ने भएको कारण विश्व आर्थिक नाकाबन्दीले उत्तर कोरियालाई कुन लछारपाट्टो लगाएको छैन । बढदै गएको विश्व शक्ति ध्रुवीकरणमा अब उत्तर कोरियाले पनि चीन र रुसलाई साथ दिने स्पष्ट देखिएको छ ।

एकातर्फ अमेरिका, युरोपेली देशहरू, भारत, जापान र अष्ट्रेलिया IPS, QUAD, AUKUS को नाममा चीनविरुद्ध संगठित हुँदैछन भने अर्कोतर्फ GSI (Global Security Initiative) र GDI (Global Development Initiative) भन्दै चीनले विश्वका बाँकी राष्ट्रहरूलाई आफ्नो पक्षमा तान्दैछ । IPS रुपी बल्छी र MCC रुपी त्यो बल्छीको टुप्पा रहेको ५६ अरब रुपैयाँरुपी गड्यौला देखाई नेपाललाई हिन्द अमेरिकी खेमामा सामेल गर्न अमेरिका र भारत सफल भएपश्चात् अब नेपाल भन्ने देश असंलग्न राष्ट्र नरहेको स्पष्ट भएको छ ।














चीनको विदेश विभागले नेपालका सबै सत्तारुढ राजनीतिक दल र नयाँ उदाएका दलहरू समेत रअ र सिआइए एजेन्ट भएको पुष्टि गरेको छ । नेपाल भ्रमण सिध्याई चीन फर्कंदै गर्दा राष्ट्रपति सि जिन पिङले तिब्बत विखण्डन गर्न चाहनेहरूको हड्डी चकनाचुर पारिदिन्छौं, त्यसै भनेका होइनन् । यस्तो परिप्रेक्ष्यमा अब राष्ट्रभक्त नेपालीहरूले यो राष्ट्रको सार्वभौमिकता र स्वतन्त्रतालाई कसरी जोगाउन सकिन्छ भनेर विकल्प सोची तुरुन्त कार्य गर्नुपर्ने बेला आएको छ । हिन्द अमेरिकी खेमा आफ्नो रणनीतिमा सफल भएको खण्डमा चीन विखण्डन हुने निश्चित छ । चीन विखण्डन भई नेपालको उत्तरमा स्वतन्त्र तिब्बत बन्नु भनेको नेपालले सिक्किमको नियती भोग्नु हो । यसको ठीक विपरीत चीन रुस र उत्तर कोरिया आफ्नो रणनीतिमा सफल हुनु भनेको भारत कास्मिर, खालीस्तान, बंगाल, मणीपुर, मिजोरम, आसाम, नागालैण्ड, त्रिपुरा मेघालय गरी ८ टुक्रामा विखण्डन हुनु हो अनि त्यसको मतलव भनेको शक्तिशाली विशाल नेपालको निर्माण हुनु हो । त्यसैकारण चीन अमेरिकी द्वन्दको अहिलेको बहुध्रुवीय विश्व राजनीतिक स्थितिमा नेपाल र दक्षिण चीन सागर क्षेत्र अन्तर्राष्ट्रिय सामरिक महत्वको केन्द्रबिन्दु बन्न पुगेको छ । यसैबीच गत बुधबार मात्रै नेटोले जापानमा आफ्नो स्थायी कार्यालय खोल्ने गरेको निर्णयले स्थिति त्यस क्षेत्रमा झनै विष्फोटक बनेको छ ।

अहिले नेपालका सत्तारुढ र विपक्षी सबैजसो राजनीतिक दलहरूले आफूलाई हिन्द–अमेरिकी खेमामा उभ्याएको परिप्रेक्ष्यमा हामी विशाल नेपाल चाहने सम्पूर्ण राष्ट्रवादीहरूले आफूलाई त्यसको विपक्षमा उभ्याई यहाँका लम्पसारवादी दलालहरूको दलको मुख्यालय ध्वस्त बनाउँदै यी दलालहरूलाई सफाया गर्ने क्रान्तिको शुरुवात गर्दै हिन्द–अमेरिकी रणनीति विरोधी राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिलाई परिचालन गरी कालापानी लगायत ७१ भन्दा बढी स्थानमा मिचिएको नेपाली भूमिबाट भारतीय सुरक्षा बललाई लघार्दै, नेपाल र बंगलादेश बीचको चिकेन नेक भनिने भूमिलाई कब्जा गर्नु पर्दछ । यसो गर्न सक्यौं भने मात्रै हामीले स्वतन्त्र, शक्तिशाली र स्वाधिन विशाल नेपाल निर्माण गर्न सक्छौं अन्यथा हिन्द–अमेरिकी रणनीति सफल भएको खण्डमा हाम्रो नियती सिक्किमको हुने छ । त्यसैले गर कि मरको दोसाँधमा विशाल नेपाल महाअभियान छ ।

# विश्व हिन्दु युवा संघ तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

**स्थापना**

विश्व हिन्दु युवा संघ नेपालको प्रचलित कानुनबमोजिम २०७७ सालमा स्थानीय प्रशासनमा दर्ता भई आफ्नो विधानमा उल्लेखित उद्देश्यअनुरुप नेपालको मौलिक कला, संस्कृति, ज्ञान, सीप, पहिचानलाई पूर्वीय दर्शनको आधारमा प्रचार प्रसार गर्दै नेपाललाई समुन्नत राष्ट्रको रुपमा विकसित गर्ने कार्यमा प्रतिबद्ध भएर लागि परेको छ। हाम्रो केन्द्रीय कार्यालय मृगस्थली काठमाडौंमा रहेको छ। हामी बसुधैव कुटुम्वकमको आधारमा संसारलाई एउटै मालामा गाँस्न चाहन्छौं। राष्ट्र गुरु योगी नरहरिनाथको खोज र अनुसन्धानबाट प्राप्त कृतिहरूको सुरक्षा गर्दै राष्ट्रहितमा उपयोग गर्न सकियो भने मात्र यो हाम्रो देशलाई समुन्नत बनाउन सकिन्छ भन्ने कुरामा विश्व हिन्दु युवा संघ विश्वस्त छ।

अहिलेसम्म हामी हाम्रो मौलिक संस्कृतिको जगमा नउभिएकोले हाम्रो समाज गलत बाटोमा अगाडि बढिरहेको छ। त्यसैले नेपाली समाजलाई सही बाटोमा हिँडाउन नैतिक शिक्षाको जरुरी छ। हाम्रो सभ्यतामा आधारित नैतिक र देशभक्तिपूर्ण शिक्षा दिन सकियो भने मात्र हामी समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्यमा पुग्न सक्छौं। हामी अहिले नेपालको मौलिक पहिचानको आधारमा गोरक्षनाथ, गाई, गाँजा (आयुर्वेद) गाउँ र ज्ञान (वेद) गरी ५ग को मूल नारासहित स्वदेश र विदेशमा पनि हाम्रो संघको संगठन विस्तार गर्न सफल भएका छौं। यसै क्रममा देशभरि ६० जिल्लामा र बाहिर २५ देशमा हाम्रो संगठन विस्तार भइसकेको छ।



विश्व हिन्दु युवा संघको मातहतमा नै रहने गरी विश्व हिन्दु सिंह गण र विश्व हिन्दु विद्यार्थी संघका केन्द्रीय र जिल्ला समिति धमाधम गठन भइरहेको छ। सबैको सहअस्तित्व स्वीकार गर्दै संसारलाई शान्तिको मार्गमा हिँडाउनका लागि हामी प्रतिबद्ध भएर अगाडि बढिरहेका छौं। हरेक नेपालीहरूलाई हाम्रो कुराहरू बुझाउँदै अन्तर्राष्ट्रिय जगतमा पनि हाम्रा ५ग का कुरा बुझाउन सकियो भने संसारले हामीलाई र हामीले उठाएका ज्ञानलाई सहर्ष स्वीकार गर्ने अवस्था बन्छ। त्यतिबेला संसारको नेतृत्व नेपालले गुरु राष्ट्रको रुपमा गर्दछ र संसारको सबै देशहरूमा आफ्नो छुट्टै उत्कृष्ट पहिचान र समृद्ध राष्ट्रसहितको गुरु राष्ट्र नेपाल निर्माण हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।


**सुरेन्द्र ढकाल, प्रतिष्ठानसँग सहकार्य**

अहिले हाम्रो संघले नेपाललाई पूर्वीय दर्शनमा आधारित समृद्ध राष्ट्र बनाउने उद्देश्य बोकेका स्वदेश र विदेशका सबै संघसंस्थाहरूसँग सम्बन्ध राख्ने कार्य गरिरहेको छ। यसै क्रममा संघले सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सम्बन्ध स्थापित गरी सहकार्य सुरु गरेको छ। जसअनुरुप संघले आ. व ०७९।८० मा प्रतिष्ठानबाट रु १ लाख ५० हजारको सहयोग प्राप्त गरी सो सहयोगबाट आफ्नो केन्द्रीय कार्यालयलाई कम्प्युटर र फनिर्चरसहित व्यवस्थित गर्न सफल भएको छ। प्रतिष्ठानसँग स्थायी रुपमा आवद्धता प्राप्त गरेको यस संघले भविष्यमा पनि प्रतिष्ठानबाट निरन्तर सहयोग हुने अपेक्षा राख्छ जसका लागि संघ सुरेन्द्र ढकाल प्रतिष्ठानप्रति कृतज्ञता ज्ञापन गर्दछ।









निबन्ध

# कलम र स्वास्नी

**विकास घिमिरे**

"तिमी चाहि सधै लेखेरै बस । अक्षरमै अनि शब्दमै सीमित रहन सक्ने कस्तो मान्छे हो तिमी?" शर्मिलाको क्रोधले भरिएका तिखा शब्दले कति पनि विचलित हुदैन नारायण । प्रत्युत्तरमा छोटो हासो त्योह पनि निरावाज ।

"यो चुरोट पनि कति खान सकेको । छ्या! चुरोट खाऊ शब्दमा रमाउ अरु केही मतलव छैन है तिमीलाई ।" नारायण अन्तिम सर्को तानेर चुरोट निभाउछ अनि शर्मिला तर्फ फर्कदै भन्छ " के भयो आज तिमीलाई? किन घर नै उचाल्ने गरी कराएकी? यो उपन्यासको अन्तिम अंश लेख्दैछु क्या । बरु भन न यसको अन्त्य कस्तो किसिमको बनाउ? तिमीलाई त थाहै छ यसको कथांश ।"

"जे सुकै बनाउ, मलाई केही भन्नु छैन । मसँग सरोकार नराख्ने कुरामा मेरो के चासो? होइन यो कागज भरेर मात्र खान पुग्छ? घर व्यवहारको केही ख्याल छैन तिमीलाई? यस्तै व्यर्थको काम गर । भोकभोकै बस । होइन के पाउछौ तिमी यसरी लेखेरै मात्र? तिम्रो जीवनको सार यही साहित्य मात्र हो?" शर्मिला कारुणिक भावमा भन्छे ।

"मलाई सन्तुष्टिख मिल्छ शब्दबाट । मेरो अन्तर्मनदेखिको आग्रहलाई म कसरी नकार्न सक्छु? बाहिरी रुपबाट देखिने प्राप्ति नै सबथोक होइन । मैले यसैमा जीवनको पूर्णता पाउछु अनि कलमले मलाई उर्जा दिन्छ । यहाभन्दा बढी के नै उपलब्धी हुन्छ मेरो निम्ति?" नारायण हर्षमिश्रित भावमा देखिन्छ ।

"तिमी त अघाउछौ होला त्यसै । अनि बौलाहारुपी लेखन तिम्रो प्राप्ति होला तर म दुई छाक दु:खले खाएर मात्र जीवन बिताउन सक्दिन । मेरो पनि सपनारुपी आकांक्षाहरू छन् मन भरि । जीवनलाई अर्कै रङ्गमा पोतिएको सपना म पनि देख्छु अरुले झैं । तिमीलाई भन्नु र कुनै ढुङ्गासामु बर्बराउनु समान हो । मलाई पटक्कै मन पर्दैन तिम्रो यस्तो लेख्ने बानी ।"नारायण केही बोल्दैन । चुरोट सल्काउछ र मेचमा बस्छ धुवा उडाउदै ।

प्रेम गरेर भगाएको हो शर्मिलालाई उसले । जबर्जस्ती होइन । शर्मिलाकै एकोहोरो निरन्तरको आग्रह नकार्न नसकि भगाएको हो । आफ्नो कुनै पनि बानीबारे लुकाएको थिएन । शर्मिला अनभिज्ञ थिइन नारायणसँग । उसको कविता अनि प्रत्येक रचना पढ्न पाउदा शर्मिला फुरुङ्ग हुने गर्दथी । अहिले उसलाई यिनै कुराहरू झिझर लाग्छ । नारायणको सम्पूर्ण कुरा उसलाई प्रिय लाग्थ्यो । नारायणलाई प्रेम गर्दथी उ । आजकल अभाव, भौतिकवादी सोच र विलासिताको दिवास्वप्नमा उसको प्रेम निस्सासिएको छ । अँझ भनौ विलिन हुनै लागेको छ । आजकल त नारायणको प्रत्येकक व्यवहार उसको लागि क्रोधको कारण बन्दछ । नारायण अगाध प्रेम गर्छ शर्मिलालाई । उसका रचनामा शर्मिलाको अस्तित्वको खोजी हुन्छ । कल्पनामा अनि प्रत्येक नया कथामा शर्मिलाको प्रवेश हुन्छ । कतै प्रत्यक्ष त कतै नदेखिने रुपमा । शर्मिला उसकी शक्ति हो । त्यसैले त उसका रचना सुन्दर हुने गर्दछ । शर्मिला यी कुराहरू बुझ्दिन या बुझ्न चाहदिन उसैलाई थाहा होला । एकअर्कालाई माया गर्छु भन्दै दाबी गर्छन् दुवै । खै कस्तो प्रेम हो यिनीहरूको? नारायणलाई सम्झिन उनलाई फुर्सद हुदैन अनि नारायण लेखनक्रममा प्रत्येक शब्दमा शर्मिलालाई कल्पिएर कलम चलाउछ ।

"तिमी अँझै यही कुर्सीमै हराइरहेको छौ? मलाई आज साथीसँग बजार जानुछ किनमेल गर्नलाई । खै अलिकति पैसा लेउ । यसो गहना पनि छैन अलि राम्रो । अरुहरू कति झकिझकाउ भएर निस्कन्छन् । आफू भने"""" ।" शर्मिला के के गुनासो गर्दै यताउता घुमिरहन्छे ।

"पैसा"""" ।पैसा त छैन त आज । अस्ति मात्रै त रासन ल्याएको । अहिले नै के खाचो



भएको छ र घरमा? धेरै खर्च गर्नु पनि हुदैन । पैसा पनि त छैन अहिले, तिमीलाई थाहै छ । अनि गरगहनाले शोभा होइन खतरा बढाउँछ । तिमी त्यसै राम्री छौ नि ।"

शर्मिला केही नबोली रिसले त्यहाँबाट हिड्छे । नारायण पुन: कलम चलाउन शुरु गर्छ । रचनामा ऊ शर्मिलालाई स्वाभिमानी नारीको रुपमा उभ्याउछ । एकदम निश्छल मन भएकी सुन्दर नारी पात्र । ऊ त्यसै त्यसै आनन्दित भई पानाहरू भर्दै जान्छ । शर्मिलासँग प्रेमपूर्ण समय बिताउँछ शब्द भरी । आजभोलि शर्मिलाको किचकिच सुन्नु परेको छैन । खै किन हो शर्मिला कुनै फर्माइस गर्दिन अनि केही कुराप्रति विरोध जनाउदिन । नारायण निर्धक्क भई कुनै अवरोधबिना उपन्यास लेखनमा व्यस्त भएको छ । खान बोलाए नत्र सम्झिए खान्छ । कहिलेकाही खान बिर्सिन्छ तर पनि ऊ सुखी छ । लोभ लालच नभएको, सीमित आवश्यकतामा अल्झिएको नारायणको जीवन ।

शर्मिला नया नया किसिमका महँगा कपडा लगायँछे । दिनभरि कता कता घुम्न जान्छे । कहिलेकाही नारायण प्रश्न गर्छ । जवाफमा शर्मिला भन्छे "तिमीलाई पो केही चाहिदैन । बाहिरी संसारसँग अपरिचित छौ तिमी र सधै यस्तै रहन्छौ । तर म यसरी गुम्सिएर बस्न सक्दिन । मेरो साथीहरू छन् । तिम्रो जस्तो कलम कापी होइनन्, मान्छेहरू छन् मेरा साथी । विविध कुराहरू अनि उद्देश्य बोकेका मान्छेहरू । उनीहरूसँग दिन बिताउछु । यो कपडा""""आमाले पठाउनुभएको । यो साथीको श्रीमानले बाहिरबाट ल्यायइदिनुभएको मलाई उपहार । अनि यो गहना फूपूले दिनुभएको । के यो सब कुरा तिमीलाई सुनाउनु सार्थक थियो? शायद अनावश्यक थियो । त्यै पनि भन्नुमा र तिमीले सुन्नुमा केही हानी पनि हुदैन । नारायण निर्जवाफ हुन्छ स्वास्नीको वचनले । उसले सुनाएकी हो कि रिस पोखेकी? या नारायणको अवस्थाप्रति व्यङ्य गरेकी? नारायण बुझ्दैन । केहीबेर सोचमग्न हुन्छ अनि फेरि चुरोट सल्काउछ र कलम झिक्छ ।

आजकल शर्मिला राति अबेर घर छिर्छे । नारायण केही सोध्ने साहस गर्दैन । सोधेमा आफ्नै उपेक्षा गर्छे भन्ने ऊ जान्दछ । शर्मिलाको मुखबाट अनेक विसङ्गतिका गन्ध निस्कन्छ । नारायण आफ्नो रिस र उत्तेजनाको सीमा नाघ्दै गर्जन्छ""""के हो अब त रक्सी पनि पिउन थाल्यौ?"

"पार्टीमा गएकी थिए । साथीको श्रीमानको प्रमोशन भएको खुशीयालीमा बोलाइएको पार्टी । तिम्रो जस्तो लाचार जीवनशैली छैन उनीहरूको । खुशीयालीमा अलिकति बियर खाए । तिम्रो के बिगार्दिएकी छु र?"

जवाफ खोज्नु आफ्नै गल्ती सम्झी नारायण चुप लाग्छ । यहाभन्दा बढी जवाफको अपेक्षा राख्नु आफ्नै हिनताबोध बढाउनु मात्रै हो । त्यसैले ऊ सहन्छ स्वास्नीको तिखो वचन ।

शर्मिला जतासुकै जाओस, नारायण केही भन्दैन । मनमा त धेरै कुरा गुम्सिएर बसेका छन् तर बोली पाएका छैनन् ती शब्दहरूले । आफ्नै कलम, कापी अनि शब्दमा हराउँछ नारायण । दुई दिन भयो शर्मिला घर नआएकी । नारायणको उपन्यासले अन्तिम गति लिदैछ । उसलाई शर्मिलाको ख्यालै छैन । उपन्यासको अन्त्य भएको छ तर शर्मिलाको गृहागमन भएको छैन । नारायणको रचनाको अध्याय सकिएको छसँगै आफ्नै जीवनको एउटा महत्वपूर्ण अध्याय गुमेको उसलाई थाहै छैन ।

# रोग प्रतिरोध क्षमता बढाउने अपोषणयुक्त खानेकुरा

शरीरलाई आवश्यक पोषण तत्वमध्ये अधिकांशको स्रोत खानेकुरा नै हो, जो हामी ग्रहण गर्छौं । प्रकृतिमा पाइने खानेकुरामा आ-आफ्नै पौष्टिक तत्व हुन्छ । ती सबैको सन्तुलित मात्रा शरीरलाई चाहिन्छ । स्वस्थ्य जीवनका लागि सन्तुलित पौष्टिक आहार अति आवश्यक हुन्छ ।

शारीरिक सक्रियतासँगै खानपानको सन्तुलन कायम गर्न सकियो भने, सामान्य रोगहरूको असर रहँदैन । किनभने यसले हाम्रो प्रतिरक्षा प्रणाली बलियो बनाउँछ ।

यहाँ त्यस्तै केहि 'सुपर फुड' दिइएको छ, जसको नियमित सेवनले रोगको भयबाट बच्न सकिन्छ ।

**१. नीमको पात**

नीमको पात सहजै उपलब्ध हुन्छ । त्यसो त नीमको पातदेखि बिज, बोक्रा सबै स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ । दाँतको सफाईमा नीमको दातुन उत्कृष्ट बिकल्प हो । हुन त नीमको पात सोझै सेवन गर्दा धेरै तीतो हुनसक्छ । त्यसलाई पिसेर गोली बनाउने । अत: नियमित रुपमा खाली पेटमा सेवन गर्नुपर्छ ।

यसले रगत शुद्धिकरण गर्छ, प्राकृतिक रुपमा । शरीरमा इम्युनिटी बुस्ट गर्छ । साथै छाला सम्बन्धी समस्या पनि हटाउँछ । नीमको पात मिश्रण गरिएको पानीले नुहाउँदा छालाको रोग लाग्दैन ।

**२. केसरयुक्त दुध**

केशरयुक्त दुधको सेवनले शरीरमा ताकत मिल्छ । यसले छाला, केस, आँखामा राम्रो प्रभाव पार्छ । साथसाथै केसरयुक्त दुधको सेवन यौन दुर्बलतामा पनि फाइदाजनक मानिन्छ । गर्भवतीले केसर मिश्रित दुध पिउनु राम्रो हो । यसले आमा र गर्भको बच्चा दुबैलाई फाइदा गर्छ ।

**३. अदुवाको सेवन**

अदुवा, भान्सामा सजिलै पाइन्छ । यसले तरकारीको स्वाद त बढाउँछ नै, स्वस्थ्यका लागि फाइदाजनक पनि हुन्छ । खासगरी चिसोले सताएको छ भने अदुवाको चिया बनाएर पिउनुपर्छ । बाह्य चोट पटकमा समेत औषधीको काम गर्छ यसले । केस झर्नबाट रोक्न, केस उमार्न अदुवाको रस उपयोगी हुन्छ ।

**४. तुलसीको पात**

तुलसी त आर्युवेदमा अति महत्वपूर्ण वनस्पती मानिन्छ । यसलाई हामी घर आँगनमा रोपेर पूज्ने पनि गर्छौं । वास्तवमा तुलसी बहुगुणी वनस्पती हो । दैनिक ५-७ वटा तुलसीको पात खानाले रोग प्रतिरोधात्मक क्षमता बढ्छ । चिसो वा रुँघामा तुलसीको चिया बनाएर सेवन गर्नुपर्छ, फाइदा गर्छ ।

**५. दही**

दहीमा यस्तो सुष्म ब्याक्टेरिया पाइन्छ, जो पाचन यन्त्रका लागि अति फाइदाजनक मानिन्छ । दहीको सेवनले पेट सम्बन्धी रोगबाट छुटकारा मिल्छ । यद्यपी दही बिहान वा मध्यन्हको खानामा मात्र सेवन गर्नुपर्छ । राती दही सेवन गर्नु हानिकारक मानिन्छ ।

**६. ग्रीन टि**

ग्रीन टि एन्टिअक्सिडेन्टको सबैभन्दा राम्रो स्रोत हो । पेट सफा राख्न, रगतको शुद्धिकरणका लागि समेत ग्रीन टि उपयोगी हुन्छ । ग्रीन टिमा यस्तो तत्व हुन्छ, जसले शरीरमा रोगसँग लड्ने क्षमता बढाउँछ । यो छाला, केस, हड्डी स्वस्थ्य राख्न प्रभावकारी मानिन्छ । ग्रीन टिमा एन्टि क्यान्सर गुण समेत हुने अध्ययनहरूबाट थाहा भएको छ ।

**७. गह्राको पातको रस**

गहुँको पातको रस निकै उपयोगी हुन्छ, स्वास्थ्यका लागि । यद्यपी धेरै कमलाई मात्र यसबारे थाहा छ । गहुँको पातको रसले खासगरी दम, गलाको इन्फेक्सन, चिसो, रुँघा, पखला लाग्नबाट बचाउँछ ।

**८. बेसार**

धेरैले बेसारलाई सामान्य मसालको रुपमा लिन्छन्, जसले सब्जीको रंग र स्वादमा प्रभाव पार्छ । यद्यपी बेसार मसला मात्र होइन, यो उत्तिकै औषधिय गुणले भरिपूर्ण छ । बेसारले शरीरको प्रतिरक्षा प्रणाली बलियो बनाउँछ । शरीरको दुखाई कम गर्न पनि यो उपयोगी हुन्छ । केस, छालाको सौन्दर्य निखार्न समेत बेसारको प्रयोग गर्न सकिन्छ ।

**९. दालचिनी**

दालचिनी धेरै परिकारको स्वाद बढाउन प्रयोग गरिन्छ । यसको सेवनले स्वाद मात्र बढ्दैन, रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । यसको सेवनले ब्लड शुगर लेभल नियन्त्रणमा सहयोग पुग्छ । त्यसैले खानामा दालचिनीको प्रयोग लाभदायक हुन्छ ।

**१०. लसुन**

लसुन, जो दिनहुँ भान्सामा प्रयोग हुन्छ । यसलाई पकाएर वा काँचो खान सकिन्छ । लसुनमा भिटामिन बि-६, भिटामिन-सि, आइरन र फस्फोरस जस्ता तत्व पाइन्छ । यसमा एन्टि फंगल र एन्टि ब्याक्टेरियल गुण पनि पाइन्छ । लसुनको सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ ।

**११. ड्राइ फुड्स**

नियमित रुपले ड्राई फुड्स सेवन गर्नुपर्छ । काजु, बदाम आदिको सेवनले पनि रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । ड्राई फुड्समा ओमेगा-३ फ्याटी एसिड, जिंक, म्याग्नेसियम, भिटामिन इ जस्तो तत्व पाइन्छ ।

**१२. भिटामिन सि युक्त खानेकुरा**

कागति, सुन्तला, अमला, किवी जस्ता फल भिटामिन सिको राम्रो स्रोत हुन् । यस्ता फलको सेवनले पनि रोगसँग लड्ने क्षमता बृद्धि गर्छ ।

**१३. मौसमी फल**

प्राकृतिले हाम्रो शरीरको आवश्यक्ता अनुसार फलहरू दिएका छन् । जुन मौसममा, शरीरलाई जस्तो पोषण तत्व आवश्यक हुन्छ । त्यही अनुसार फलहरू प्राप्त हुन्छ । त्यसैले मौसम अनुसार फल सेवन गर्नुपर्छ । फलले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ ।

# मतिनाया सः (प्रेमको आवाज)

■ **इन्दुल के.सी.**

कवि प्रेमकृष्ण ताम्रकारजुं च्वयादीगु चिनाखँ (कविता) सफू खः । ताम्राकार समाजया कुलदेवता उग्रचण्डी माई सङ्रक्षण समिति, (भजन समिति) यलं प्रकाशन जूगु थ्व नेपालभाषा साहित्य ख्यलय् बिस्कंगु (विशेषतापूर्ण सफू धायेमाः ।


**कवि भाजुया म्हसिका (परिचय)**

वयक: झीगु स्वनिगः दुने यलदेय् (ललितपुर) वि. सङ्. १९९४ सालय् अबु कृष्णबहादुर ताम्रकारजुया पुत्ररत्न जुयाः जन्म जुयादीम्ह खः । वय् क:या म्हसिकाया इवलय् निगू प्यंगू शब्द थुकथं जुल । वयक:या लजगाः कालिगढ, सरकारी जागिर, मुर्तिकार, व्यापारी, कला कुटिर ह्याण्डिक्राफ्टया प्रोप्राइटर, इलय् ब्यलय् थीथी पत्र पत्रिकाय् च्वसू प्रकाशन यानाः च्वनादीम्ह छम्ह साहित्यकार, बाल विकासालय (पुस्तकालय) या सङ्स्थापक, थीथी सङ्स्थाया दुजः, भारत, जापान, हङकङ, कोरिया, अष्ट्रेलिया देसय् भ्रमण यायेधुंकूम्ह खः । थौंकन्हय् वय् कः सुथय् बहनी थीथी भजनय् सङ्लग्न जुयादीम्ह, अले निक्वः जंकु सिधेयेधुंकूम्ह हनेबहःम्ह जेष्ठ नागरिक न खः । श्री उग्रचण्डी भजन सङ्ग्रह सफूया सङ् कलक व सम्पादक नं खः । काव्य सुगत सुभाषित कविता सङ्ग्रह सफू न वयकलं पिथनादिइधुंकूगु दु । यलया थीथी भजन मण्डलया वयक: दुजः अले थःम्ह हे हारमोनियम थानाः सुमधुर सङ् गीतमय् भजन हालादीम्ह भजन गायक नं खः । यलय् जक मखु स्वनिगः यैँ, यल, ख्वप व स्वनिगलं पिने थीथी जिल्लाय् इलय् ब्यलय् झायाः भजन प्रस्तुत यानाः च्वनादीम्ह खः । वयकलं च्वयात:गु नेपालभाषाया भजन म्येँयात डिभिडी चक्कातक पिथनेधुंकूगु दु । थुगु भ्यूजियल सङ्किपा थीथी टि.भी. च्यानलं प्रसारण जुयाच्वंगु खनेदु । नापं चिनाखँ मुनाः सफू 'खिचाया न्हिप्यँ' पिकायेत्यंगु नं दु । थुकथं प्रेमकृष्ण ताम्रकारजु बहुआयामिककथं म्हसीकेफु ।

**मतिनाया सफू**

थ्व सफुतिइ सच्छि व च्यापू (१०८ पौ दु । सफूया आवरण चित्र महाद्य:यात पार्वती स्वँमाः क्वखायेकाच्वंगु अतिकं बांला:गु रंगीन चित्रं छायेपियात:गु दु । सफूया दुने राधा-कृष्ण, बुद्ध भगवानया रंगीन फोटो अले मेगु सान्दर्भिक प्यपाः रंगीन फोटोत नापं, थुकिइ दुगु कवितालिसे स्वापू दुगु यक्व चित्रतपाखें थ्व सफूयात छायेपियात:गुदु ।





ताम्रकार समाजया नायः रबिन्द्रराज ताम्रकारजुया मन्तुना, साहित्यकार समालोचक डा. पुष्पराज राजकर्णिकारजुया भिन्तुना नापं 'न्हू प्रेष्टिज नेपाः' राष्ट्रिय लय् पौया सम्पादक नरेन्द्रबहादुर राजभण्डारीजुं बियादीगु भिन्तुनाय् व्यक्त जुयाच्वंगु बिचाः थ्व सफूयात कयाः बांलाक च्वछायात:गु खनेदु । थ्व सफू २०७२ सालय् छगू भव्य समारोहय् अतिक हनबहः म्ह शताब्दी पुरुष डा.सत्यमोहन जोशीजुं विमोचन यानादीगु खः । थ्व सफुतिइ दुगु ९२ पू कवितायात विधागत रूप स्वयेबलय भजन, मतिना, देशप्रेम, झीगु सङ्स्कृति, धार्मिकग्रन्थवेद, नेपा:या सङ्विधान, शहीद, शान्तिक्षेत्र, योग/ध्यान, पुजा, दान, जीवननापं स्वापू दुगु महत्त्वपूर्ण पक्षतय्त विषयवस्तु दयेकाः कविता (चिनाखँ चिनात:गु खनेदु । धात्थें धायेगु खःसा प्रेमकृष्ण ताम्रकार छम्ह आध्यात्मिक चिन्तक, नेवाः देय्या छम्ह सपुत खः धइगु थ्वहे सफुतिं क्यं । सफूया आकार स्वयेबलय् छगू ब:चाधंगु सफू थें च्वं । तर थुकि दुने कविजुं प्वंकात:गु विषयवस्तुया विविधताय् ब्वलनाच्वंगु भावयात दुनुगलंनिसें थुइकेगु स्वयेबलय् थ्व सफुतिइ विभिन्न भाव लुइकेफु । छाय् धा:सा थुकी दुथ्या:गु कवितात गुलि त:ब्या अले गुलि त:जा: (गहिराइ) दु धयाथें च्वं । वयक:या थुगु सफूरूपी समुद्रय् दुहाँवना: मालाकायेफुसा (मोति, माणिक, शंख, इत्यादि अनेक अमुल्य वस्तुत लुइकेफइ थें ताः । जिं थ्व सफुतिइ च्वंगु भजन व मतिना नितायात जक कयाः छुं विचाः प्वंकेगु कुतः याना ।

**भजन**

भजनया खँय् छत्वा:चा खँ थन न्ह्यब्वयेगु पाय्छि जुइ धयागु जिं ताय् का । झीथाय् थ:थः आराध्य द्य:या नां कायेगु द्य:या महिमायात कया: कीर्तन भजन यायेगु चलन दु । भजन धाल कि द्य:प्रति निष्ठा, आस्था व भक्ति भावना प्वंकेगु ज्या खः । द्य:या भक्तियानाः मुक्ति जुइ धइगु छगू विश्वासकथं तपस्या, यज्ञ, होम, ध्यान, उपासना व पुजा यायेगु छगू पक्ष ख:सा व थेंतुं भजन यायेगु दकले अ:पुगु छगू माध्यम नं खः । थ्व सन्दर्भय् झीगु धर्मशास्त्र श्रीमद्भागवत् महापुराण सफूया निगू श्लोक थन सान्दर्भिक जुइ धकाः न्ह्यब्वयेगु पाय्छि जुइगु तायका ।

१) श्रवणं कीर्तनं विष्णोः स्मरणं पाद सेवनम् । अर्चनं बन्दनं दास्य सङ्ख्य मात्मनिवेदनम् । ।

अर्थात थ्व श्लोक ९ प्रकारया (नवदा) भक्तित मध्ये कीर्तन भक्ति नं छगू खः कीर्तनभक्ति द्य:पिनिगु (ईश्वर) नाम गुणया खँय् चर्चा जुइ ।

२) नाँह वसमि बैकुण्ठे योगिनं हृदयेन च । मद्भक्ता यत्र गायन्ति तत्र तिष्ठमी नारद । ।

अर्थात् छन्हु नारद ऋषिं नारायणद्य:यात न्ह्यसः तयादिल कि हे 'ईश्वर छि गन च्वनादी' ? धा:गु न्ह्यस:या लिसलय् श्री नारायणद्य:नं लिसः बियादिल, 'जि बैकुण्ठय् नं मखु, योगीतय्गु नगलय् नं च्वनीम्ह मखु, बरू गन भक्तिपूर्वकं जिगु भजन याइ, जि अन हे च्वनीम्ह । खः ।" धकाः लिसः बियादिल ।

कवि भाजुं थ:गु खँया सार कयाः भजन-म्यँँ च्वयेगु, भजन कीर्तन यायेगु, ज्या यानादीगु ला धइथें जिं ताय्का । वयक:या थ्व सफुतिइ सरस्वती बन्दना, अनित्य सङ्सार, उग्रचण्डी मां लुमंका:, पुजा, वेद, अनित्य जीवन, बटुक भैरवनाथ, ईश्वर म्हसीके, प्रभुया महिमा, उग्रचण्डी माईया भजन, मखुगु कर्मय् वनाः, करूणामय भजन, सुलकासा म्हिताः, पुष्पाञ्जली नांया समेत झिखुपू भजन-म्यँँ थ्व सफुतिइ दुथ्यानाच्वंगु दु । थुपिं फुक्क भजनत, लयात्मक, भक्तिभाव प्रधान छन्दोबद्ध, अन्त्यानुप्रास मिलेजूगु अलंकारयुक्तगु खनेदु । थथे धायेबलय् कवि प्रेमकृष्ण ताम्रकारजुया कलमं पिहाँव:गु कवितात मार्मिक जुयाः दुनुगलंनिसें हे नालाकायेबहः जू । भजनय् लय्, तरज, ताल, सूर, फुक्कं मिलेजुइक छ्यलात:गु जिं ताय्काच्वना ।

**मतिना**

सफूया नां हे 'मतिनाया सः' जूगुलिं थुकिइ दुने छु दु धकाः दुवालाः स्वयाबले सफूया ४३ पृष्ठखय् थ्वहे नांया छपु कविता दु ।अले थ्व सफुतिइ मतिनालिसे स्वापू दुगु माया सुया त:धं ? (२) देय् या माया सीमखु गुबलें (३) झीथाय् छ जक मदुगु ? (देश प्रेम) (४) माया मरू माया क्यंकाः (५) मय:म्हेसित जिगु मतिना । ६) माया यायेगु रहर (७) छंगु लँपु स्वयाः (८) प्रेम व घृणा (९) मतिना (१०) मतिनाया म्यँँ - नांया चिनाखँनापं झिपु कविता थुकिइ दुथ्याका:त:गु दु ।

मतिना धयागु छु विषयवस्तु वा मनूया स्वभाव व गुणप्रति मनय् लुयावइगु आकर्षण वा आत्मीयता ख:, अनुराग खः । थथेंतुं - रूप, गुण, स्वभाव - सामीप्य वा कामवासनं यानाः - मिसा मिजँया दथुइ जइगु अनुराग खः । अथेतुं मनय् लुयावइगु दया - माया खः । प्रेमी - प्रेमिकाया प्रेम सम्बन्धी खँल्हाबल्हा नं मतिनाया दुने ला:वः । माया, पिरती, प्रेम, रसवस, बासना अले ल्याय्म्हभाजु व ल्यासेमय्जु थवंथवय् जुइगु रतिकासा, ज्या फुक्क मतिना शब्दया दुने लानाच्वंगु दु । प्रेमकृष्णजुया थ्व सफुतिइ दुगु मतिना सम्बन्धि कविताय् गनं देश प्रेम, गनं घृणा अले प्राकृतिक नियमकथं मिजँ मिसाया दथुइ जुइगु मतिना (प्रेम) अनेक खँग्वलं दुस्य:गु भावत पिज्वयाच्वंगु दु ।

मतिनाया सः नांया कविताय प्यंगू चरण दु । 'गथे ल्व:मंके मधुमय वाक्य' ?, 'गथे ल्व:मके छंगु लुमन्ति' ?, 'गथे जिं मा:वये अदृष्य मार्गय्' ?, 'गथे ल्व:मके छंगु मतिना ? कविजु थन प्यंगू न्ह्यस: तयाः प्रेमीया लुमन्ति चाकुस्य माकुस्य च्वंगु धापू गथे यानाः लुमंके ?, न्ह्याबलें नुगलय् लुयाः वयाच्वनीगु लुमन्ति अले खनेमदुगु लँपुइ गथे मा:वये ?, मतिनायात गथे ल्व:मंके ? धकाः अतिकं बाला:गु गेय्मात्मक (सङ्गीतया लयनापं वइगु, कविता च्वयादीगु दु । थ्व कवितां कविजुया नुगःघाः उलाक्यंगु दु ।

थुकथं कवि प्रेमकृष्ण ताम्रकारजुया 'मतिनाया सः' सफू नेपालभाषा साहित्य अनुरागी पाठक, धर्मकर्म, भजन हालीपि भक्तजनतय्त जक मखु, देश प्रेम, शान्ति मार्गय् जुइपि, देय्या लागि शहीद जुयादीपिन्त थ:गु शब्दं श्रद्धाञ्जली नं बियादीगु दु । थ्व सफुलिइ मेमेगु नं यक्व यक्व खँ दुगुलिं थुकियात जिं छगू सागर हे तायकाच्वना । वयक:या थज्या:गु हे ग्यसुला:गु मेमेगु सफूत नं ब्वनेखनी धयागु आशा याना ।

## आफ्नै परिवेश

घनघन मादलुको भाखामा छमछम नाचेर
मन भरी पिरतीको भावना साँचेर
भाखा हाली चौतारीमा दोहोरी गाएर
बिर्स्यौं कसरी दाई बाँच्न रमाएर,

कान्लाको भिरालो खनी खोस्री गरेर
असारे भाखामा छुपुछुपु धान रोपेर
मंसिरको दाँई पछि अन्न भित्र्याएर
बिर्स्यौं कसरी दाई बाँच्न रमाएर,

बालपनका साथीसंगी भेटी गफमा भुलेर
चहचह चौतारीमा पिङ मच्चाएर
थर्काई पाखा स्वच्छन्द कुर्लिएर
विर्स्यौं कसरी दाई बाँच्न रमाएर,

ताते-ताते गर्ने लालाबाला छोडेर
प्रियतमाको माया मुटुभरी साँचेर
आफन्तको सदभाव आपसमा साटेर
विर्स्यौं कसरी दाई बाँच्न रमाएर,

टोलाए कि भ्याउँकिरी सुनिदिने नपाएर
रुदैं होलिन कोइली पनि गाउन भुलेर
धानबारी छोडी डलर पछि लागेर
बिर्स्यौं कसरी दाई बाँच्न रमाएर ।

● -खगेन्द्र ढकाल
घट्टेकुलो, काठमाडौं

# किन लम्बिँदै छ रूस-युक्रेन संकट ?



विष्णु भट्टराई



सन् १९४६ ।४७ को भोकमरी र दोस्रो विश्वयुद्धका कारण तहसनहस भएको युक्रेन ५ वर्षमै युद्धपूर्वको स्थितिभन्दा झन्डै ४० प्रतिशत बढी विकसित भएको थियो । तत्कालीन सोभियत संघ बजेटको २० प्रतिशत हिस्सा पाएको युक्रेन १९५५ मा आइपुग्दा युरोपको सर्वाधिक औद्योगिक उत्पादन गर्ने क्षेत्र बनिसकेको थियो । सोभियत संघका सुपरिचित राजनीतिज्ञ, खेलाडी, कलाकार, वैज्ञानिक युक्रेनले नै जन्माएको थियो । सन् १९९० मा सोभियत संघको विघटन र विघटनपश्चात् युक्रेन पनि स्वतन्त्र भयो र आर्थिक मन्दीको चपेटामा पऱ्यो । सन् २००० पछिको सुस्त आर्थिक वृद्धिदरले युक्रेन केही हदसम्म सम्हालियो । तर २००४ को ओरेन्ज रेगुलेसन २०१३ ।१४ को युरोमैदान क्रान्तियताको अवधिमा युक्रेनको अर्थतन्त्र खोक्रो बन्न पुग्यो । आधुनिक युक्रेनका पछिल्ला २ क्रान्तिहरू देशको संविधान वरिपरि केन्द्रित भए । युरोमैदान क्रान्तिको सफलताले युक्रेनलाई २०० भन्दा बढी पुरानो रुससँग जेलिएको सम्बन्धबाट टाढा पुऱ्याउँदै युरोपियन देशहरूसँग नजिक बनायो । युरोपेली संघ वा रुससँग निकटता राख्ने विवादले नै युक्रेन संकटको भूमरीमा फस्न पुग्यो । विभिन्न नाटकीय घटनाक्रमहरू विकसित हुँदै जब राष्ट्रपति जेलेन्स्कीले नेटोमा आबद्धता हुन खोजे, युक्रेनमाथि संकट आइलग्यो । युक्रेन पहिलो विश्वयुद्धदेखि नै जर्मन र रुसबीचको प्रतिस्पर्धा चलेको रणनीतिक भूमि हो । पहिलो विश्वयुद्धमा युक्रेनी खाद्यान्नप्रतिको निर्भरता तथा रुसलाई रोक्न जर्मनीले युक्रेनमाथि आफ्नो नियन्त्रण कायम राख्न चाहेको थियो । तर जर्मनीको पहिलो विश्वयुद्धमा हारसँगै रुस युक्रेनमा हावी भयो । रणनीतिक मार्ग भएकोले दोस्रो विश्वयुद्धमा जर्मनीले युक्रेनमाथि आफनो रणनीतिक ध्यान केन्द्रित गरेको थियो । दोस्रो विश्वयुद्धको सुरुवाती वर्षमा जर्मनीले युक्रेनमाथि कब्जा गरेपछि मात्रै रुसका रणनीतिक गढमा हमला गरी नोक्सान पुऱ्याउन सकेको थियो । दोस्रो विश्वयुद्धमा रुसले जर्मनीलाई पछि हट्न बाध्य बनाउन युक्रेनी भूमिमै अखडा जमाएको थियो । त्यहीँबाटै जर्मनीलाई रोमानिया, हंगेरी लगायत पूर्वी युरोपबाट पछि हटाएको थियो । युक्रेन रुसको मुख्य पारवहन मार्ग हो र युक्रेन रुसका लागि अति महत्वपूर्ण छ । तर युरोपका लागि युक्रेनको त्यति महत्व नभए तापनि रुसलाई रोक्न युरोपेली संघलाई युक्रेनमाथि प्रभाव कायम गर्न चाहिएको छ । युक्रेन रुसको ठूलो व्यापारिक साझेदार हो । युक्रेन रुसको पकडमा गएमा युरोपेली संघका लागि रोमानिया र पोल्याड खतरामा पर्नु हो । यी दुवै देश अहिले पनि रुसबाट आयातित ऊर्जामा निर्भर छन् । युक्रेनमाथि रुसले आक्रमण बढाउँदै आफूमा समाहित गर्न खोजिरहँदा युरोपेली संघ र अमेरिकाका लागि ठूलो चुनौती थपिएको छ ।

विश्वको हर क्षेत्रमा आफ्नो प्रभाव र दबदबा कायम रहनुपर्छ भन्ने अमेरिकी मनसाय एकातर्फ र अर्कातर्फ युरेसिया क्षेत्रको खास शक्ति आफू नै भएकाले आफ्नो प्रभावलाई सबैले स्वीकार गर्नुपर्छ भन्ने रुसी दृष्टिकोण नै अस्थिरता र द्वन्द्वको खास कारक भएको ठम्याउन सकिन्छ ।

लम्बिँदै गएको रुस-युक्रेन युद्धका कारण यतिखेर विश्वमा थप अनिश्चितता र अशान्ति बढ्ने चिन्ता एकातर्फ गरिएको छ भने, अर्कातर्फ यस युद्धले निर्माण गरेको विश्व राजनीतिक ध्रुवीकरणका कारण विश्वका साझा समस्या सम्बोधनमा विश्वसमुदायबीच एकबद्धता र सामूहिक प्रयास नरहने हो कि भन्ने सुर्ता छ ।

शक्तिराष्ट्रहरूले स्विकार गरेको साझा मान्यता के हो भने, साझा समस्याहरूको सम्बोधनमा सबै शक्तिराष्ट्रबीच सहमति र सहकार्य जरुरी छ । तर विडम्बना, शक्तिराष्ट्रहरूको आपसी बेमेल, वर्चस्ववादी चिन्तन र निषेध प्रवृत्तिले रुस-युक्रेन युद्धको समाधानमा अप्ठ्यारो सृजना भइरहेको छ, जसका कारण अन्य पेचिला मुद्दाहरूको सम्बोधनमा समेत ढिलाइ भइरहेको छ ।

२०२२ को फरवरीमा करिब २ लाख सैनिकसहित रुसले युक्रेनमाथि धावा बोलेपछि धेरैको अनुमान थियो, युक्रेनले चाँडै घुँडा टेक्नेछ र युद्ध केही दिनमै अन्त्य हुनेछ । तर आफ्ना मित्रराष्ट्रहरूको गुप्त सहयोगमा युक्रेनले रक्षात्मक पंक्ति बलियो बनाइदिँदा विश्व सैन्य क्षेत्रमा बलियो मानिएको रुस योजना अनुसार अगाडि बढ्न सकेन । रुसको गिर्दो साखबाट उत्साहित अमेरिकाले नेटो सदस्यहरू लगायतका पश्चिमा शक्तिहरूलाई युक्रेनलाई भरपूर सैन्य सहयोग गर्न आग्रह गरिरह्यो । पहिले केही हच्किएका जर्मनी र फ्रान्सले समेत विभिन्न किसिमबाट सहयोग गरे । युक्रेनको रक्षात्मक क्षमता बढ्दै जाँदा रुस चाँडै कमजोर हुनेछ र आर्थिक रूपमा चरम संकटको सामना गर्नुपर्दा रुसभित्र आन्तरिक

अप्ठ्यारो बढ्दै गई भ्लादिमिर पुटिनको सत्ता पनि ढल्नेछ भन्ने आत्मविश्वास अमेरिकीहरूमा देखिएको थियो, तर स्थिति त्यस्तो पनि रहेन । विश्लेषकहरूका भनाइमा, गतिलो आर्थिक टिमको मिहिनेत र कुशल रणनीतिका कारण रुसी अर्थतन्त्रमा युद्धको असर पश्चिमाहरूले सोचेजस्तो भएन । चीन, भारत लगायतका मुलुकहरूसँग रुसको आर्थिक सहकार्य कायम रहँदा रुसी अर्थतन्त्रलाई थेगिइरहन सहयोग पुग्यो ।

युक्रेनमाथिको आक्रमण पुटिनका लागि निकै भारी पऱ्यो । हालसम्म २ लाखभन्दा बढी सैनिकले ज्यान गुमाइसकेका छन्, दर्जनभन्दा बढी उच्च सैनिक अधिकारीहरूको समेत मृत्यु भइसकेको छ । युक्रेनको पश्चिमा मुलुकहरूसँगको बढ्दा सामरिक हिमचिम र नेटो सदस्य बन्न गरिएका लगातारका प्रयासले रुसलाई बढ्दा चिढ्याएको थियो । यसलाई पुटिनसहितका पुरातनपन्थी रुसी अधिकारीहरूले





रुसको अस्तित्वकै लागि खतरा भन्दै युक्रेनमाथिको आक्रमण सन् १८०० को दशकमा नेपोलियनद्वारा र १९४० ताका नाजी जर्मनीद्वारा रुसमाथि गरिएको आक्रमणपश्चात्को तेस्रो महान् देशभक्तिपूर्ण युद्धका रूपमा उल्लेख गर्दै आएका छन् । ब्रुकलिन इन्स्टिच्युटकी अध्येता फिओना हिलको भनाइमा, आफ्ना छिमेकीहरूसहित पूर्वी युरोपमा आफ्नो प्रभाव क्षेत्रलाई अमेरिका तथा पश्चिम युरोपले स्वीकार गर्नुपर्छ र आफूले इतिहासमा गुमाएका भूभागहरू फिर्ता पाउनुपर्छ भन्ने रुसको दाबी नै समस्याको जड हो, रुस यो धङधडीबाट मुक्त नभएसम्म पूर्वी युरोप शान्त हुन कठिन छ ।

पछिल्लो समय वाग्नर समूह र रुसी सैन्य कमान्डरहरूबीचको खटपट एवं पुटिनका भरपर्दा सहयोगी मानिएका वाग्नर प्रमुख येवगेनी प्रिगोजिनको आक्रोशले पुटिनको आन्तरिक कमान्डमा ठूलो संकट पैदा हुँदै गएको, रुसी नेतृत्वको आत्मबल कमजोर हुँदै गएको र पुटिनसँग स्पष्ट रणनीतिक खाका नरहेको देखिएको छ । यसले गर्दा पुटिन सत्तासामु यसअघि नदेखिएको भयानक अप्ठ्यारो र प्रहार आइपरेको आकलन रुसी मामिलाका जानकारहरूले गरेका छन् ।


र्‍यान्ड कर्पोरेसनका राजनीतिक वैज्ञानिक स्यामुएल चरप रुस-युक्रेन युद्ध अझै केही लम्बिन सक्छ भन्छन् । रुस र अमेरिकाबीचको तनावसमेत यसमा मिसिएकाले तत्काल सुसमाचार चाहनेहरू निराश हुनुपर्ने स्थिति रहेको उनी बताउँछन् । गत सेप्टेम्बरमा युक्रेनमा गरिएको सर्भेले रुसलाई आफ्ना केही भूभाग सुम्पिएर सम्झौता गर्ने हतार कदापि गर्न हुँदैन भन्ने जनमत बलियो रहेको देखाएको छ । युद्धमा रुसविरुद्धको प्रतिकार बलियो बन्दै गएपछि, उनीहरूको भनाइमा, रुस आजसम्म हडपेका सबै क्षेत्रबाट फिर्ता नभएसम्म वार्ता गर्नु हुँदैन भन्ने जनमत प्रबल बनिरहेको छ । रुसी सेना मुख्य गरी सन् १९९१ को सीमारेखाभन्दा बाहिरै बस्नुपर्ने उनीहरूको माग छ । तर यस प्रस्तावलाई वर्तमान रुसी नेतृत्वले सहजै स्वीकार गर्ला भनेर विश्वास गर्नचाहिँ गाह्रो छ ।

रुसी राजनीतिलाई नजिकबाट नियालिरहेका सान डिएगो स्टेट युनिभर्सिटीका राजनीतिशास्त्रका प्राध्यापक मिखाइल अलेक्सी भन्छन्– सैन्य विजयबिना रुस युद्धविरामका लागि राजी भयो भने मान्नुहोला, अर्को भयानक हमलाका लागि रुसले तयारी गरिएको छ । तर यो युद्धमा न रुसले चाहेजस्तो सफलता हासिल हुने अवस्था छ न त युक्रेनमा देखिएको केही हदसम्मको आत्मविश्वासले नै सकारात्मक नतिजा दिन सक्छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीका हालसम्मका धारणा विश्लेषण गर्दा उनी रुसले चाहेजसरी सजिलै सम्झौतामा जानेछैनन् । रुसविरुद्धको जवाफी लडाइँमा उच्च आत्मविश्वास र अडानका साथ प्रस्तुत भएका उनी हाल विश्वभर लोकप्रिय छन् र विश्वसमुदायको सहानुभूति बटुलिरहेका छन् । जर्मनी, फ्रान्स र बेलायतको सहयोगले पनि उनको मनोबल थप बढाएको विश्लेषकहरू बताउँछन् । क्राइमियासमेत रुसबाट फिर्ता ल्याउने दाबी पनि जेलेन्स्कीले गरेका छन् ।

प्राध्यापक रोबर्ट एच. वेड अनुसार, अमेरिका र रुसबीचको वैचारिक भिन्नता र एकअर्कोलाई कमजोर बनाउने प्रपञ्चले युक्रेन संकटलाई यो अवस्थामा ल्याइपुऱ्याएको हुँदा ती दुई राष्ट्रबीच नयाँ समझदारी हुनेबित्तिकै यस युद्धको अन्त्य हुन्छ । युक्रेन संकटका विभिन्न आयाम हेर्दा विश्वको हर क्षेत्रमा आफ्नो प्रभाव र दबदबा कायम रहनुपर्छ भन्ने अमेरिकी कुत्सित मनसाय एकातर्फ र अर्कातर्फ युरेसिया क्षेत्रको खास शक्ति आफू नै भएकाले आफ्नो प्रभावलाई सबैले स्वीकार गर्नुपर्छ भन्ने रुसी दृष्टिकोण नै अस्थिरता र द्वन्द्वको खास कारक भएको ठम्याउन सकिन्छ । अमेरिकी संस्थापन लडिरहेको छ भन्नुचाहिँ बेतुकको कुरा हुने बताउँछिन् सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिजकी अध्येता इमिली हार्डिङ ।

अमेरिकी अधिकारीहरू रुसी आक्रमणलाई देखाएर रुसमाथि अनेक प्रतिबन्ध लगाउन पाए रुसभित्र आन्तरिक विद्रोह सुरु हुन सक्छ, अर्थतन्त्र गम्भीर अवस्थामा पुग्छ र रुसी सत्ताले कडा दबाबको सामना गर्छ भन्न भ्रममा थिए । । तर युद्ध सुरु भइसकेपछिका यी १६ महिनालाई हेर्ने हो भने रुसको हालत अमेरिकासहितका पश्चिमा शक्तिहरूले सोचेजस्तो खराब भएन । अप्ठ्यारो अवस्थाको सामना त पक्कै गरिरहेको छ तर कच्चा पदार्थहरू सस्तोमै सही निर्यात गरेर रुसले भयानक संकट टारिरहेको छ । यो अवस्था दीर्घकालीनचाहिँ नहुन सक्छ । हार्वर्ड प्राध्यापक स्टेफन वाल्टले टिप्पणी गरेजस्तो, पुटिनका लागि तत्कालको हिसाबले ठीकै त रहला तर रुसको दीर्घकालीन भविष्यका लागि चाहिँ कडा मूल्य चुकाउनुपर्ने हुन्छ ।

रुसविरुद्ध युक्रेनलाई प्रोत्साहन गरिरहेको अमेरिकाचाहिँ यस युद्धमा आफू प्रत्यक्ष सहभागी हुन चाहँदैन । जो बाइडेन प्रशासन रुससँग सीधा टकराव नहोस् भन्नेमा चाहिँ निकै होसियार देखिन्छ । आणविक अस्त्र प्रयोग गर्न सकिने पुटिनको धम्की एक किसिमको ब्ल्याकमेल मात्र भएको टिप्पणी गरिए





रुस र चीन कुनै पनि हालतमा क्षेत्रीय वा एकल शक्तिका रूपमा उदाउन नसकून् भन्ने चाहन्छ । र त रुसी सीमापारिका देशहरूमा नेटो विस्तारको कुरा होस् वा पूर्वी एसिया तथा दक्षिणपूर्वी एसियामा चीनविरुद्ध प्रतिद्वन्द्विता बढाउन होस्, अमेरिका अनेक रणनीतिक योजनासाथ आक्रामक रूपमा अगाडि बढेको छ ।

अन्तर्राष्ट्रिय मामिलाका कतिपय जानकारहरू रुसले पनि जित्न नसक्ने र युक्रेन पनि हार्न नहुने गरी समाधानको विकल्पमा जानुपर्ने सुझाव दिन्छन् । मिन्स्क सम्झौताजस्तै मध्यमार्गी बाटो खोजिनुपर्नेमा उनीहरूको जोड छ । रुसी एवं युक्रेनी राष्ट्रपतिका अहिलेसम्मका धारणा सुन्दा तत्काल समाधान निस्किहाल्ने स्थिति पनि देखिँदैन । पुटिन युक्रेनलाई पाठ पढाउँदै युरेसियामा आफ्नो प्रभाव रहेको सन्देश दिन चाहन्छन् भने जेलेन्स्कीचाहिँ क्राइमियासहितका भूभाग फिर्ता गराएरै छाड्ने अडानमा छन् । अमेरिकाचाहिँ रुस-युक्रेन तनावले रुसमा आन्तरिक राजनीतिमा संकट बढोस् र पुटिन-सत्ता परिवर्तन होस् भन्ने चाहन्छ ।

हुभर डाइजेस्टको एउटा लेखमा इतिहासकार नियल फर्गुसनले रुसी आक्रमणविरुद्ध युक्रेनको सशक्त प्रतिकारले विभाजित रहेको युक्रेनी समाजलाई एक बनाएको र देशभक्तिपूर्ण भावना एकीकृत रूपमा प्रकट भएको बताएका छन् । त्यसो त पश्चिमा मुलुकहरूको व्यापक सामरिक सहयोगबिना युक्रेन आफ्नै बलबुताले पनि रुसविरुद्ध अमेरिका बढ्ता खुल्दै गएमा पुटिनले खराब विकल्प नलेलान् भन्न सकिन्न । हुन त जेलेन्स्कीमा पनि आत्मविश्वास उत्तिकै देखिएको छ । 'हतियार देऊ, बाँकी काम म गर्छु' भन्ने किसिमको उनको टिप्पणी सन् १९४१ ताकाको 'साधनहरू उपलब्ध होऊन्, सबै काम म सिद्ध्याउँछु' भन्ने विन्स्टन चर्चिलको उद्घोषजस्तो भएको कतिपयको भनाइ छ । तर त्यो बेलाको शक्तिशाली बेलायतका प्रधानमन्त्री र अहिलेको कमजोर युक्रेनका नेतामा देखिएको आत्मविश्वासको गहिराइमा पक्कै पनि समानता छैन । कमजोर युक्रेनको यथार्थ के हो भने, रुसविरुद्ध लड्ने आफ्नो आँत बलियो छैन, हरपल मित्रराष्ट्रहरूको सहयोग र आडभरोसामै टिकिरहनुपरिरहेको छ ।

रुस र युक्रेनसँग सौहार्दपूर्ण सम्बन्ध रहे पनि युद्ध समाधानमा गम्भीरता नदेखाएको आरोप खेपिरहेको चीनले युद्धको एक वर्षपश्चात् संकट समाधानको १२ बुँदे प्रस्ताव सार्वजनिक गर्दै दुवै पक्षसँग वार्ता गर्नका लागि विशेष दूतसमेत नियुक्त गरेको छ । सबै मुलुकको सार्वभौमिकताको सम्मान, शीतयुद्धकालीन मानसिकताको अन्त्य, तनाव अन्त्यका उपायहरू, शान्ति वार्ताको प्रारम्भ, मानवीय संकटको सम्बोधन, नागरिक एवं युद्धबन्दीहरूको रक्षा, आणविक केन्द्रहरूको सुरक्षा, औद्योगिक तथा आपूर्ति व्यवस्थाको स्थिरता लगायतका बुदाहरू चिनियाँ प्रस्तावमा समेटिएका छन् । चीनको धारणाबारेको प्रतिक्रियामा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले वार्ताका लागि चीनको प्रयास सकारात्मक भएको र युद्ध अन्त्यका लागि चीनको प्रयासमा सहकार्य गर्न सकिने बताएका छन् । 'हामी सबैलाई जोड्न चाहन्छौं न कि कसैलाई निषेध गर्ने पक्षमा छौं,' उनले भनेका छन् ।

रुस-युक्रेन दुवै पक्षलाई वार्ताको टेबलमा ल्याउने पहलकदमीका लागि बेइजिङले शान्तिदूत नियुक्त गरेका अनुभवी कूटनीतिज्ञ ली हुईले दुवै पक्षसँग संवादको थालनी गरिसकेका छन् । करिब एक दशक मस्कोमा राजदूत रहिसकेका लीको चयनलाई मस्कोले अत्यन्त उपयुक्त पात्रका रूपमा त लिएको छ नै, युक्रेनले समेत सकारात्मक सुरुआत भन्दै उनको गहन अध्यन र अनुभवले निष्पक्ष र प्रभावकारी काम गर्न सहयोग पुग्ने विश्वास लिएको छ । । शान्त र भद्र स्वभावका लीले युद्ध अन्त्य र शान्ति स्थापनार्थ कस्तो भूमिका खेल्न सक्छन्, त्यो हेर्न पक्कै पनि धेरै कुर्नुपर्दैन । कतिपय विश्लेषक पश्चिमा मुलुकहरूको पहलकदमीभन्दा चीनको प्रयास रहँदा रुसलाई पनि सहज हुने र युक्रेन पनि सकारात्मक हुने स्थिति रहेकाले चीनका लागि द्वन्द्व समाधानका लागि महत्त्वपूर्ण कूटनीतिक अवसर रहेको टिप्पणी गर्छन् । रुस-युक्रेन युद्ध अन्त्यका लागि आफूले सक्ने सामान्य प्रयाससम्म नगरेको भन्दै विभिन्न कोणबाट चीनको आलोचना पनि हुँदै आएको थियो । फ्रान्सका राष्ट्रपति इमानुल म्याक्रोन र जर्मन चान्सलर ओलाफ शोल्जले पनि रुस-युक्रेन संकट समाधानमा पहल गर्न चिनियाँ पक्षलाई आग्रह गरेका थिए । तर चीनको पहलकदमीमा चाहिँ अमेरिकी अधिकारीहरू विश्वास गर्दैनन् । रुसलाई चिढ्याउन नचाहने चीनको प्रयासले कुनै निष्कर्ष निकाल्न नसक्ने उनीहरूको दाबी छ ।

रुस-युक्रेन युद्ध तत्काल अन्त्य हुने संकेत देखिएको छैन । अमेरिकासहितका पश्चिमा देशहरू रुसवरपर नेटो विस्तारको अभियानलाई थप सक्रिय बनाउन लागिपरेका छन् । युक्रेनलाई मद्दत गर्न भन्दै नियमित भइरहेको आधुनिक हतियारहरूको सहयोगले पनि यस युद्धलाई थप जटिल बनाएको छ । युक्रेन हार स्वीकार नगर्ने स्थितिमा छ, रुस पनि पराजित हुन कदापि मान्दैन । ऊ कुनै पनि किसिमले आफ्नो हैसियत माथि नै हुनुपर्छ भन्ने चाहन्छ । युद्धको विश्व अर्थतन्त्रमा नकारात्मक असर पनि थप पेचिलो बनेको छ । यो युद्ध एक हिसाबले अन्तर्राष्ट्रिय आयामको रहेकाले जिम्मेवार शक्तिराष्ट्रहरूबीचको प्रयास र सहमतिबिना शान्तिपूर्ण समाधान सम्भव देखिँदैन ।


अनावश्यक रूपमा लम्बिरहेको युद्धको मानवीय क्षति र संकट कम्ती कहालीलाग्दो छैन । अर्को विडम्बना, यस युद्धको समाधान एवं मानवीय संकट सम्बोधनमा संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय निकायहरूको भूमिकालाई लिएर पनि धेरै आलोचना भइरहेको छ ।

जित-हारको नदेखिएको स्थितिमा कतिपय सामरिक विज्ञहरू कोरियाली प्रायद्वीपमा सन् १९५३ मा भएजस्तो युद्धविरामको मोडलमा जानुपर्ने सुझाउँछन्, जसले युद्धको औपचारिक अन्त्य नगरीकनै युद्धविरामको अवस्था ल्याउँछ । यसैको जगमा थप वार्ता प्रक्रियाहरूद्वारा दिगो समाधान पहिल्याउन त नसकिने होइन तर अमेरिकासहितका पश्चिमा शक्तिहरूले रुसलाई चिढ्याउने र अनुचित रूपमा मुठभेडमा ल्याउने प्रयासचाहिँ गर्नु हुँदैन ।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## बालकको देशभक्ति



एकपटक स्वामी रामातीर्थ जापान पुगेका थिए। त्यहाँ उनको खुब सत्कार गरियो। भ्रमणका दौरान उनलाई एउटा स्कुलमा आमन्त्रित गरियो। स्कुल घुम्न गएका बेलामा के सोचेर हो कुन्नि स्वामी रामातीर्थले एकजना सानो विद्यार्थीसँग सोधे- तिमी कुन धर्म मान्छौ। बौद्ध धर्म- विद्यार्थीले गौरवसाथ जवाफ दिए।

स्वामीले फेरि प्रश्न गरे- महात्मा बुद्धको बारेमा तिम्रो के विचार छ। एकछिन सोचेर ती विद्यार्थीले जवाफ दिए- बुद्ध त भगवान हुन्। यति भन्दै उसले मनमनै बुद्धको ध्यान गरेर आफ्नो देशको प्रथाअनुसार बुद्धलाई प्रणाम गऱ्यो। तब स्वामीले ती विद्यार्थीलाई फेरि सोधे- तिमीलाई कन्फ्युसियसबारे केही थाहा छ?

विद्यार्थीले श्रद्धाभावले जवाफ दिए- कन्फ्युसियस एक महान सन्त थिए। उनले बुद्धलाई जसरी नै कन्फ्युसियसलाई पनि मनमनै ध्यान गरेर प्रणाम गरे। त्यसपछि स्वामीले मुस्कुराएर प्रश्न गरे- अब मेरो एउटा प्रश्न छ, यसको जवाफ देऊ।

मान यदि कसैले तिम्रो देशमा आक्रमण गर्छ र त्यो आक्रमणकारीको सेनापति बुद्ध या कन्फ्युसियस हुन्छन् भने तिमी के गर्छौ। स्वामीले यति भन्नासाथ विद्यार्थीको अनुहार क्रोध र जोशको मिल्दोजुल्दो जोशले तम्तमायो। उनले कड्केर बोले- म आफ्नो तरवारले बुद्धको टाउको छिनाउनेछु र कन्फ्युसियसलाई लात हान्नेछु। स्वामी रामतीर्थ बालकको यो जवाफ सुनेर अत्यन्त प्रसन्न भए- उनले ती बालकलाई बोकेर उनको अनुहार चुम्दै भने- जुन देशको रक्षक किशोरजस्तो महान हुन्छ त्यो देशको कसैले केही बिगार्न सक्दैन।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। स्वास्थ्यका लागि खर्च बढ्नेछ। धन लाभ भए पनि बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा आत्मसम्मानमा बाधा पर्न सक्छ। तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ। लगनशीलताले नयाँनयाँ काम गर्ने अवसर समेत दिलाउनेछ।

### वृष

परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ। अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। व्यवसायमा लगानी बढाउनुपरे पनि उधारोमा व्यापार हुनेछ। फाइदाका लागि केही त्यागनुपर्ने हुन सक्छ। अवसरवादीहरूबाट सजग रहनुहोला। खर्च लागे पनि यात्रा गर्ने अवसर जुट्न सक्छ।

### मिथुन

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ।

### कर्कट

तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ। पुरानो मित्रताले प्रेमको मार्ग अवलम्बन गर्न सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। सोखले थलिएको काम व्यवसायमा रूपान्तरित हुनेछ। मेहनतीहरूलाई कार्यसिद्धिको समय छ। कर्मयोगले नाम र दाम दिलाउनेछ।

### सिंह

शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। बाध्यताले अलमल्याउन सक्छ। तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि दोहोर्याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ। सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ।

### कन्या

खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ। खानपान र आहारविहारमा ध्यान पुर्याउनुहोला। केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ। दोहोर्याएर प्रयत्न गर्दा अड्किएको काम बन्न सक्छ। पछिका लागि केही वस्तु त्यागनुपर्ला।

### तुला

तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। आफन्तको स्नेह, सत्कार तथा सम्मान प्राप्त हुनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम थालनी हुनेछ।

### वृश्चिक

शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। मिहिनेतले प्रशस्त फाइदा दिलाउनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। व्यापारलगायत दिगो आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ।

### धनु

अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ दिन छाड्नेछन् र प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। तापनि मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ। गरेका काम सम्पादन हुनेछन्।

### मकर

आश्वासन बाँड्नेहरूले भ्रुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ। अरूको भरपर्दा काम बिग्रन सक्छ। मान्यजनको सहयोगले तत्कालको अन्योल भने टर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ।

### कुम्भ

नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्।

### मीन

शत्रुहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। अर्थ अभावले पनि काममा बाधा पुग्नेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला। ईर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला, आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउनेछ। तर बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ।

# ११ औं नेपाल अफ्रिका फिल्म फेस्टिभलमा छानिए १२ देशका २२ फिल्म

काठमाडौं। कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकेसनको आयोजना र चलचित्र विकास बोर्ड एवम् विलक्षण क्रियसनको सहआयोजनामा यही असार २३ देखि २५ असारसम्म '११ औं नेपाल अफ्रिका फिल्म फेस्टिभल-२०२३' आयोजना भयो।

काठमाडौंको जमलस्थित नाचघरमा आयोजना हुने महोत्सव नेपाल र अफ्रिकाको संस्कृति आदान प्रदान गर्ने उद्देश्यले विगत १२ वर्षदेखि नियमित हुँदै आएको हो। महोत्सवका लागि ११ वटा मुलुकका १० वटा अफ्रिकन चलचित्र तथा वृत्तचित्र चयन भएको र नेपालबाट १२ वटा चलचित्र तथा वृत्तचित्र चयन भएको महोत्सव अध्यक्ष डा. मञ्जु मिश्रले जानकारी दिइन्।

महोत्सवमा अफ्रिकाबाट चयन भएका १० चलचित्रमध्ये जिम्बावेको वृत्तचित्र कलिड द डेड, युगान्डाको वृत्तचित्र समबडी क्लाप फर मी र केन्याको वृत्तचित्र थ्यांक्यु फर द रेन रहेका छ। फेस्टिवलमा फिचर फिल्म तर्फ मोजाम्बियाको फिचर फिल्म ट्रेन अफ द साल्ट एन्ड सुगर छानिएको छ। यस्तै सर्ट फिल्म तर्फ रुवान्डा र स्वीजरल्यान्डको सर्ट फिल्म आई गट आई थिङ एन्ड लेफ्ट, इजिप्टको सर्ट फिल्म द बिल्डर, साउथ अफ्रिकाको सर्ट फिल्म ह्याङ म्यान, फ्रान्सको सर्ट फिल्म शान्ता क्लज डार्क साइड, घानाको सर्ट फिल्म या, केन्या र जर्मनको सर्ट फिल्म वाटु वाटो रहेका छन्। यसरी ११ मुलुकका १० अफ्रिकन चलचित्र र नेपालको १२ चलचित्र गरी १२ मुलुकका २२ वटा चलचित्र यो महोत्सवमा प्रदर्शन भएको हो।

फेस्टिभल निर्देशक डब्बु क्षत्रीका अनुसार महोत्सवमा नेपालबाट चारवटा फिचर फिल्म, दुईवटा वृत्तचित्र, तीन वटा सर्ट फिल्म र तीन वटा स्टुडेन्ट फिल्म चयन भएका छन्। जसमा फिचर फिल्मतर्फ दिनेश राउत निर्देशित प्रकाश, परिच्छेद सेन निर्देशित प्रेमगञ्ज, शम्भु थापा निर्देशित हुक्का र रोशनकुमार निर्देशित भाग्य रहेका छन्। वृत्तचित्रतर्फ रोशनी केसी निर्देशित समर्पण र भिमलाल श्रेष्ठ निर्देशित फेरि रहेको छ।

यस्तै सर्ट फिल्ममा विलक्षण क्रियसन निर्मित परिवर्तन, सुमन दाहाल निर्देशित परिवार, प्रद्युम्न मिश्र निर्देशित दुविधा रहेका छन्। स्टुडेन्ट समूहको सर्ट फिल्म प्रतिस्पर्धामा सुन्दर योञ्जन निर्देशित ऐजेरु, सामलकुमार बज्राचार्य निर्देशित हावाम्यान र अम्बिका भण्डारी निर्देशित कलुवा रहेको छ। महोत्सव जमलस्थित सांस्कृतिक संस्थान (नाचघर)मा २३ देखि २५ असारसम्म तीन दिनसम्म चलेको थियो।

# घरबाट साङ्ला हटाउने उपाय



काठमाडौं। वर्षायाममा घरमा साङ्लाले निकै सताउँछ। अघिपछिभन्दा यो मौसममा साङ्लाको संख्या तीव्र बढ्छ। बाथरुम वा भान्छाको पानीको पाइप हुँदै अधिकांश घरमा साङ्लो पस्छ। यसले फोहोर मात्र बनाउँदैन खानेकुरा, पकाउने भाँडामा बसेर रोग फैलाउने गर्छ।

साङ्लाको आगमन रोगको खतराको संकेत हो। किनभने जबसम्म साङ्ला रहिरहन्छ, तबसम्म रोगले घेरिरहन्छ। घरको भान्सा हुँदै बिस्तारै साङ्ला घरको हरेक कुनामा देखिन्छ। हैरान पार्ने यसमा खुबी के छ भने यसमा प्रजनन् क्षमता अत्यधिक धेरै हुन्छ। जसले गर्दा यसलाई पूरा सखाप पार्न मुश्किल हुन्छ। यसको वास्तविक उद्देश्य घरको भान्छामा आफ्नो घर बनाउने हो।

साङ्लाको संख्या अत्यधिक धेरै हुने हुँदा हातले मारेर सम्भव हुँदैन। त्यसैले घरमा साङ्लाको आतंकबाट हैरान हुनुहुन्छ भने यी बजारमा पाइने ६ प्रकारका सामग्रीबाट समाधान बन्न सक्छ। यसले पूरै सखाप पार्न नसके पनि साङ्लाको संख्या न्यून गर्न भने सक्छ।

**१. एन्टिरोच जेल**

बजारमा पाइने एन्टिरोच जेल साङ्ला भगाउने प्रभावकारी सामग्री हो। किनभने यसमा साङ्लालाई आकर्षित गर्ने तरलता हुन्छ, जसको एक थोपा पनि साङ्ला मार्न पर्याप्त हुन्छ।

साङ्लालाई त्यो झोलले आकर्षित गर्छ र जब त्यो औषधि साङ्लाले खान्छ, २-३ घन्टापछि साङ्ला मर्न थाल्छ। यो औषधि प्रयोग गर्न पनि सजिलो छ। भान्साादेखि घरको कुनाकाप्चा नछोडी यो झोल १०-२० थोपा राख्दिनुपर्छ। धेरै साङ्ला साँघुरो ठाउँमा आउँछन्।

**२. रेड हिट कक्रोच किलर स्प्रे**

रेड हिट कक्रोच किलर स्प्रेले घरमा रहेका साङ्ला तुरुन्तै हटाउन सकिन्छ। यसले तुरुन्तै साङ्ला मार्न सकिने भएकाले धेरैले यसको प्रयोग गर्छन्।

**३. मोर्टिन टु इन वान**

मोर्टिनको खुबी साङ्लो मात्र नभई अन्य लामखुट्टे र कीराहरू पनि मार्न सक्छ। त्यसैले पनि यसलाई टु इन वान पनि भनिन्छ। घरबाट साङ्ला हटाउन सबैभन्दा पहिला बोतल एकछिन हल्लाउने अनि साङ्ला भएको ठाउँमा मोर्टिन छर्किनुपर्छ।

**४. बेगन**

सबैभन्दा शक्तिशाली साङ्ला मार्ने नाम चलेको औषधि बेगन स्प्रे पनि हो। यसबाट निस्किने जेलले साङ्लालाई आफूतर्फ आकर्षित गर्छ र त्यसलाई खान बाध्य बनाउँछ जसले साङ्ला मर्छ। यो जेल खाएर साङ्ला संक्रमित हुन्छ र अन्य साङ्लालाई पनि संक्रमण फैलाउँछ। जसकारण अरु साङ्ला पनि मर्छन्। यसमा प्रयोग हुने केमिकल कडा हुने भएकाले छाला, आँखा र कपडामा पार्नु हुँदैन। त्यसैले, स्प्रे छर्किदा सावधानी अपनाउनुपर्छ। त्यस्तै, घरपालुवा जनावर, बोटबिरुवा र भाँडामा पनि पर्न दिनुहुँदैन।

**५. लक्ष्मणरेखा**

लक्ष्मणरेखा पनि साङ्ला मार्ने उत्कृष्ट उत्पादन हो। यो उत्पादन नेपालमा मात्र नभई विदेशमा पनि उत्तिकै रुचाइएको छ। लक्ष्मणरेखाको प्याकेटमा चक हुन्छ। चकले धर्को घरको ठाउँठाउँमा कोर्ने र साङ्लाले त्यो धर्को नाघेमा मर्छन्।

**६. कोक्रोज किलिङ बेट**

कक्रोज किलिङ बेट पाउडर साङ्लालाई मात्र नभई त्यसको अण्डालाई पनि मार्न प्रभावकारी छ। यसको धुलो साङ्ला आउने ठाउँमा छर्नुपर्छ। यो केमिकल फ्री पाउडर भएको कारण वातावरणमैत्री पनि रहेको छ।

**मूल्य कति पर्छ ?**

बजारमा उपलब्ध यस्ता उत्पादनको ग्राम फरक-फरक हुन्छ। सोहीअनुसार यसको मूल्य पनि फरक पर्न जान्छ। सामान्यतया २०० देखि यसको मूल्य सुरु हुन्छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hamstring = भाँजो हाल्नु To hamstring other's effort to progress is not a good thing अरूले गर्न लागेको प्रगतिको प्रयत्नमा भाँजो हाल्नु राम्रो कुरा होइन।

Insensible = मतलब नदेखाउने As he is suffering from chronic disease, all of his family members are insensible thereto ऊ कहिले निको नहुने रोगबाट ग्रसित भएको हुँदा उसका परिवारका सदस्यहरूले उसको रोगप्रति त्यति मतलब देखाउँदैनन्।

Log = दैनिक क्रियाकलाप वा घटनाको सूची, सूचीकरण गर्नु The works that have been completed by me has been logged in the computer मद्वारा सम्पादित कामहरू सबै कम्प्युटरमा सूचीकरण भएका छन्।

Muddle= भ्रम सिर्जना गर्ने खालको I find his thought quite muddling मलाई उसका विचारधारा भ्रमपूर्ण लाग्छन्।

Nepotism = नातावाद Hari resigned from his position as he knew the basis of promotion was not ability rather nepotism नातावादको आधारमा बढुवा हुने कुरा थाहा पाएर उसले जागिरबाट राजिनामा दियो।

Orthodox = कट्टरवादी Principally, he is orthodox but he is practical while dealing with people सिद्धान्तमा कट्टरवादी भए तापनि जनसम्पर्कमा ऊ व्यावहारिक छ।

Proliferate = छिट्टै सर्वत्र फैलने गरी पठ्ठाउनु Powerful countries tend to proliferate nuclear bomb as test to show their strenght शक्तिशाली देशहरू आफ्नो शक्ति प्रर्दशन गर्न आणविक बम परीक्षण गर्ने नाउँमा पड्काउने गर्दछन्।

Pyromaniac= जे कुरा पनि आगोमा हाल्ने प्रवृत्ति भएको मान्छे The pyromaniac who set fire and ran away was non other than his brother आगो लगाई भाग्ने प्रवृत्तिको मान्छे उसको भाइबाहेक अरू कोही होइन।

Rubble = क्षतिबाट बाँकी रहेको Even after 40 years of earthquake, rubble can be seen everywhere here भूकम्प गएको ४० वर्ष भइसक्दा पनि भूकम्पीय क्षतिबाट भत्की बाँकी रहेका कुराहरू यहाँ देख्न सकिन्छ।

Supposition = अनुमान I do not believed in newspaper articles because they are mostly based on supposition खबर पत्रिकामा निस्किएका लेखमा म विश्वास गर्दिन किनकि ती अनुमानको भरमा लेखिएका हुन्छन्।

# Draw बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Draw something along = तान्नु The engine draws water along the pipe इन्जिनले पाइपबाट पानी तान्छ।

Draw off something from = झार्नु He drew off a glass beer from the barrel उसले घ्याम्पो (ब्यारेल) बाट एक ग्लास बियर झाऱ्यो।

Draw somebody to = जम्मा गर्नु Her screams compelled to draw her neighbours to her courtyard उनको चिच्याहटले छिमेकीहरूलाई चोकमा जम्मा हुन बाध्य पाऱ्यो।

Draw somebody = खिच्नु This song is drawing well large audience यो गीतले स्रोताको ध्यान राम्रै खिचिरहेको छ।

Draw somebody from = तान्नु The new course offered by our college has been successful to draw many students from all over the country हाम्रो कलेजले घोषणा गरेको नयाँ कोर्शले देशभरिबाटै विद्यार्थीहरू तान्न सफल भएको छ।

Draw to … in = पर्नु Italy has been drawn to play with Spain in World Cup विश्वकपमा इटली स्पेनसँग परेको छ।

Draw something = पाउनु His song always draws appaluse उसको गीतले सधैं तालीको गडगडाहट पाउँछ।

Draw something per = झिक्नु She draws 50 thousand per month as salary तिनी महिनाको ५० हजार तलब झिक्छिन्।

Draw something to…in = आकृष्ट गर्नु He drew my attention to an error in the report उसले प्रतिवेदनमा भएको त्रुटिबारे मेरो ध्यान आकृष्ट गरायो।

Draw something out … .to = तन्काउनु Do not draw the interview out to an hour अन्तर्वार्ता पुरै एक घण्टासम्म जाने गरी नतन्काउ।

## सुडोकु-अंक ३१०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | | २ | | | ६ | |
| | ५ | ६ | ८ | | ३ | २ | ७ | |
| | | | ५ | | १ | | | |
| ४ | | | | | | | | ८ |
| | १ | | | | | | ९ | |
| ७ | | | | | | | | ३ |
| | | | ६ | | ५ | | | |
| | ७ | ५ | ३ | | ९ | ८ | १ | |
| | ३ | | | ८ | | | ४ | |

## अंक ३०९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | २ | १ | ७ | ५ | ६ | ९ | ८ |
| ६ | १ | ९ | ४ | २ | ८ | ३ | ६ | ७ |
| ७ | ८ | ५ | ३ | ६ | ९ | ४ | १ | २ |
| ४ | ७ | १ | ६ | ९ | ३ | २ | ८ | ५ |
| ९ | ५ | ८ | २ | ४ | ७ | १ | ६ | ३ |
| २ | ६ | ३ | ८ | ५ | १ | ९ | ७ | ४ |
| ५ | ९ | ६ | ७ | ३ | ४ | ८ | २ | १ |
| ८ | ३ | ७ | ९ | १ | २ | ५ | ४ | ६ |
| १ | २ | ४ | ५ | ८ | ६ | ७ | ३ | ९ |

# President Kim and His Tanzanian Cooneection

President Kim Il Sung was a great revolutionary, great internationalist, and great saint of mankind, who, during his lifetime, actively rendered both material and moral support to the peoples in many countries of the world in their efforts to achieve independence against imperialism and for peace and progress.

A Tanzanian figure recollected with emotion about how President Kim Il Sung rendered unsparing assistance to the agricultural development of Tanzania, when he met with a DPRK official a few years ago. He said that the President's immortal feats of giving material and moral support to Tanzania for its development of agriculture will go down in the history through generations.

President Kim Il Sung had always shown deep concern for African countries including Tanzania which had achieved national independence and embarked on the road to build a new society. The countries were suffering from extreme food shortage due to the backward agriculture, the effect of a long colonial rule and recurring natural disasters.

When he met President Nyerere of Tanzania in May 1980 and several other occasions, he gave confidence and courage as well as detailed guidance to the Tanzanian President who was concerned about the country's food situation in the wake of severe droughts. President Kim Il Sung taught him how he could increase food production to three to fourfold by introducing an irrigation system and to even higher yields through comprehensive use of chemicals and machines in agriculture. He also guided him through detailed approaches to increased agricultural production which included enhancing the leadership role of the Party to motivate people to be actively engaged in farming and carrying out the irrigation project by their own efforts.

When President Nyerere visited our country in March 1981, he saw to it that his itinerary was so amended as to include a visit to a factory manufacturing irrigation facilities and water pumps, so that his visit could be helpful for the guidance on agricultural sector.

On one occasion President Kim Il Sung personally studied the map of Tanzania till late at night and discussed with the members of the Tanzanian delegation on how to reclaim the area of the River Rufiji as a cropland and undertake an irrigation project. He gave clear answers to all issues arising in the construction from labour to technical guidance on the construction to scaling up the project. He also took measures to send Korean technicians and experts, and machines and equipment manufactured in our country.

Thanks to his detailed guidance and sincere support, Tanzanian people turned out in their efforts to improve agriculture in cooperation with our agricultural technicians and experts. Thus, they worked miracles of harvesting an average of 4.5 tons and a maximum of 6.8 tons of maize per hectare on the land where they used to produce only 800kg per hectare. As a result, in the mid 1980s, they could attain close to self-sufficiency in food.

President Kim Il Sung saw to it that our technicians and experts were sent to not only Tanzania but also many other countries in Africa including Mozambique, Benin, Guinea, Madagascar and Mali, to render sincere assistance to those countries in various fields such as agriculture, education, sports, health and architecture.

Every time when our technicians and experts were dispatched to African



countries, he emphasized that they should help them with sincerity, and that they should not receive money in return, they should eat what the locals eat, be it cassava or maize, and work together with them while teaching.

There are a number of state leaders who left indelible marks in the long history of mankind. However, it is President Kim Il Sung alone who provided such selfless material and moral support to the countries for building a new society.

The immortal exploits performed by President Kim Il Sung, a universally recognized genuine internationalist and the great saint of mankind, will be cherished forever in the hearts of the progressive peoples of the world.

### Kim Il Sung Defeats Two Imperialist Powers

Kim Il Sung (1912-1994), the eternal President of the Democratic People's Republic of Korea, created a model of national liberation struggle in colonies by defeating two imperialist powers in his generation.

### Creating a Model of Guerrilla Warfare

Korea was under Japan's military occupation from 1905 to 1945.

Having declared an all-out war against Japan, a newly-emerging military power that was hell-bent on overseas expansion, Kim Il Sung advanced the line of armed struggle centred on guerrilla warfare.

There had been recorded many wars, large and small, in the human history, but none, in which guerrillas defeated regular armed forces. This being the case, there had been no theory for national liberation struggle in colonies centred on guerrilla warfare, nor any military commander who had earned fame through guerrilla warfare.

The original military strategic idea of launching an anti-Japanese armed struggle with guerrilla warfare as the major tactic was put forward at a meeting held in Mingyuegou, northeast China, in December 1931.

Until then, regular warfare and guerrilla warfare had been known as two forms of armed struggle; the former had been recognized as the main mode and the latter as a temporary and auxiliary mode.

Proceeding from the concrete reality of his country, in which he could expect no state backing nor assistance from regular armed forces, Kim Il Sung defined guerrilla warfare by a standing revolutionary army as the major form of armed struggle, and organized the Korean People's Revolutionary Army, the first revolutionary armed force of the Korean people, on April 25, 1932, declaring a war against Japan to win back his country.

The major guarantee he regarded in achieving victory in the guerrilla warfare was a skilful application of guerrilla tactics.

In order to annihilate the Korean guerrillas, the Japanese imperialists enlisted huge armed forces, and employed all the experiences and tactics they had applied and accumulated, like violent attack and tenacious pursuit, combing, deployment at vantage points, and encircling and destroying.

Kim Il Sung, on his part, adroitly employed a variety of tactics and art of command, which could not be found in any military manual nor used in any previous wars, always putting the enemy, who had been boasting about their numerical and technical superiority, on the defensive and dealing fatal blows at them.

At last Korea was liberated on August 15, 1945.

Recollecting those days, a policeman of the Longjing Police Station in Yanji County, Jiandao Province of the then Manchukuo, wrote, "At that time we called the guerrillas 'a drop in the ocean,' but they were everywhere, be it a mountain or a plain. It was not because they were large in number but because General Kim Il Sung employed such mysterious tactics."

### Creating a Miracle in the History of Modern Wars

The Korean war (1950-1953) was the largest in scale and the fiercest as a modern war fought for the first time after the Second World War.

A miracle was wrought in this war, a miracle noteworthy in the human history of war–the United States, which had never been defeated in its 100-year history of aggression and which had been boasting of being the "strongest" in the world, suffered an ignominious defeat, whereas the DPRK, which had been liberated from Japanese colonial rule five years before and which had its own regular armed forces only two years before, emerged victorious by destroying the allied imperialist forces, who had pounced upon a country as the UN forces for the first time in history.

That a small, newly-independent country could confront the allied imperialist forces led by the United States, a victor in the Second World War, was something that could never be imagined. That was why when the news about the outbreak of the Korean war was reported, many people in the world predicted the "clear end" of the war as they believed the United States' haughty remarks that the fate of north Korea would "end in 72 hours."

However, beyond all their expectations, the Korean people defeated them, and their country came to be called heroic Korea.

It was Kim Il Sung who led this heroic Korea. Through brilliant military wisdom, unexcelled pluck and outstanding art of military command, he led all the operations and battles on the overall front.

The war ended in the Korean people's victory on July 27, 1953.

The human history, spanning thousands of years, has recorded many famous generals who left their names after defeating a strong enemy, but none like Kim Il Sung, who declared in his teens a war against the aggressors, and defeated two imperialist powers in his thirties and then in his early forties.

### Viaduct in Songhwa Street

The photos below show a viaductin Songhwa Street, which was inaugurated in April 2022 on the eastern gateway to Pyongyang, the capital city of the Democratic People's Republic of Korea. It serves as a commercial service facility for the local people as well as a traffic route. There is a resting place beside the bridge.





The viaduct in Songhwa Street



The viaduct linked to sidewalks



A resting place beside the viaduct



Crossing the viaduct

## ब्याजदर...

सीमा भने परिपालना गर्नुपर्ने अवस्था छ। बैंकहरूले निक्षेपको ब्याजदर परिवर्तन गर्दा अघिल्लो महिनाको सबै निक्षेपको औसत ब्याजदरमा १० प्रतिशत बिन्दुले मात्रै घटबढ गर्न सक्ने व्यवस्था छ।

असारमा बैंकहरूले निक्षेपको ब्याजदरमा कुनै परिवर्तन गरेका थिएनन्। साउनमा निक्षेपको ब्याजदर अधिकतम ८.९९ प्रतिशतसम्म हुन सक्ने देखिएको छ। असारको लागि वाणिज्य बैंकहरूले साधारण निक्षेपमा ५.४ देखि ७.४ प्रतिशतसम्म र मुद्दतीमा ७.९९ देखि ९.९९ प्रतिशतसम्म ब्याजदर दिइरहेका छन्।

## जन्मका आधारमा...

जन्मका आधारमा नागरिकता प्राप्त गरेकाहरूको सन्तानलाई २ वर्षभित्र आफ्नो नाम दर्ता गराउन भनिएको थियो। तर त्यो समयमा उनीहरूले नाम दर्ता गराए कि गराएनन् भनेर समेत खोजी नगरी धमाधम नागरिकता बाँडिदिएको छ। नागरिकता नहुँदा शैक्षिक विकास एवं वृत्ति विकास गर्न नपाएको विषयलाई छुट्टै व्यवस्था गरेर संशोधन गर्न सकिन्थ्यो। सरकारले कुनै परिचयपत्र दिएर विशेष व्यवस्था गर्न सक्थ्यो। तर त्यसो नगरी भारतीय दबाबमा सरकारले देशघाती बाटो अख्तियार गर्न पुगेको छ। जो २०७२ सालभन्दा अगाडि नै जन्मेको छ र उसको बाबुको अंगीकृत नागरिकता छ भने उसले अंगीकृत नागरिकता नै पाउनुपर्ने हो। तर अहिले अंगीकृतका सन्तानलाई वंशजको नागरिकता भटाभट वितरण गरिएको छ। वंशजका आधारमा नागरिकता पाएका सन्तानले मात्र वंशजको नागरिकता पाउनुपर्ने हो। जन्मको आधारमा नागरिकता दिने भनेकै विदेशीहरूलाई नागरिकता दिनु हो। वंशजका आधारमा त नेपालीहरूले नागरिकता पाइरहेकै छन्।

भारतीय प्रख्यात लेखक तथा प्राध्यापक मुकेशकुमार सिंहले 'नेपाल इन चाइनाज परेन पोलेसी' नामक पुस्तकको १९ औं पेजमा गिरिजाप्रसाद कोइराला हुँदै माधव नेपाल र माओवादीसम्मको एक तप्कालाई भारतले आफ्नो पकडमा लिई नेपाललाई भारतमा विलय गराउनका लागि एउटा सहज बाटो तयार भयो' भनेर लेखेका छन्। त्यसबाहेक सोही पुस्तकमा २००६ को मधेस आन्दोलनको समयमा भारतीयहरू नेपाल प्रवेश गरेर त्यहाँ आन्दोलन गरेर नागरिकता लिएका छन् र अब नेपाललाई लिनका लागि कुनै गाह्रो छैन भनेर उल्लेख गरेका छन्। त्यसपछि नेपाललाई सिक्किमजस्तै बनाउने भूटानलाई पनि भारतमै विलय गराउने इन्दिरा गान्धीको सपना पूरा हुँदैछ भनेर पनि उनले लेखेका छन्।

आईके गुजरालबाहेक भारतका कुनै पनि प्रधानमन्त्रीले नेपालसँग कहिल्यै पनि समानताको व्यवहार गरेनन्। नेहरूले त भारत हिमालयसम्म आफ्नो सीमा ठान्छ भनेर सार्वभौम र स्वतन्त्र नेपालको अस्तित्वलाई नै अस्वीकार गरेका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नेहरू डक्ट्रिनलाई पछ्याइरहेका छन्। भारतमा जोन स्टुअर्टले ल्याएको मुस्लिम राष्ट्रियता र हिन्दु राष्ट्रियताको विभाजनकारी फर्मुला मोदीले नेपालमा लागू गर्न खोज्दैछन्। यदि द्वि राष्ट्रियताको बहस चलिरहेको छ। यस्तो संगीन पृष्ठभूमिमा जन्मका आधारमा नागरिकता दिइनुले राष्ट्रिय स्वतन्त्रतामाथि नै खतराका काला बादलहरू मडारिन थालेका छन्। भारत सके पूरै नसके तराई भूभागलाई आफ्नो मानचित्रमा गाभ्ने रणनीतिमा छ। अखण्ड भारतको भित्तेचित्र नयाँ संसद भवनमा भारतले त्यसै राखेको छैन।

तराई भूभागलाई भारतमा गाभ्ने योजनाको सूत्रधार थिइन् तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धी। हिमाली राज्य सिक्किमको विलयसँगै भारतले नेपालको तराईलाई गाभ्ने योजना बनाएको थियो। भारतीय खुफिया एजेन्सी रिसर्च एन्ड एनालाइसिस विंग्स (रअ) का पूर्वअधिकारी आरके यादवले किताबमार्पत यसको खुलासा गरिसकेका छन्।

प्रधानमन्त्री इन्दिरा गान्धीका पालामा तराईलाई टुंग्याएर भारतमा गाभ्ने अपरेसनको खाका बनाइएको थियो। गान्धीले तराई टुक्र्याएर भारतमा गाभ्ने योजनाको जिम्मा 'रअ' का संस्थापक प्रमुख रामेश्वरनाथ काओलाई दिएकी थिइन्। तर आन्तरिक राजनीतिको उतारचढावले योजना सफल नभएको दाबी यादवले आफ्नो पुस्तक 'मिसन रअ' गरेका छन्। यादवले सन् १९७३ मा 'रअ' भर्ती भएर लामो समय काम गरेका थिए। २६ अप्रिल १९७५ मा सिक्किम भारतमा गाभिएपछि नेपालमा चिनियाँ उपस्थिति बढेको विश्लेषणसहित काओ लगायतको टिमले तराईलाई नेपालबाट टुक्र्याउने योजना बनाएको पुस्तकमा उल्लेख छ। आफ्नो असफल योजनाबारे काओले नै यादवलाई जानकारी दिएका थिए।

काओले मलाई भन्नुभयो कि सिक्किम भारतमा मिलाएपछि नेपालमा बढेको चिनियाँ उपस्थिति प्रधानमन्त्री इन्दिरा गान्धीलाई असहज भएको थियो। त्यसकारण तराई टुक्र्याउने योजना बनेको थियो। यादवले सन् २००० डिसेम्बरको अन्तिम साता काओसँग सिक्किम विलयको अन्तरकथाबारे विस्तृत कुराकानी गरेको र काओले हाँसेर सविस्तारमा जवाफ दिएको किताबमा उल्लेख गरेका छन्।

सिक्किम विलयपछि नेपालको तराईलाई एकीकृत गर्ने योजना भए पनि भारतमा संकटकाल लागेकाले र पछि कांग्रेस आईले चुनाव हारेकाले यो योजनाले मूर्तरुप पाउन सकेन। सिक्किम विलयसँगै गान्धीले सन् १९७५ मा भारतमा संकटकाल लगाइन्। त्यसलगत्तै अधिकांश विपक्षी नेता गिरफ्तारीमा परेका थिए। संकटकालसँगै प्रायशः विपक्षी नेताहरू समातिए र आन्तरिक आँधीले गान्धीको नेपालको तराई गाभ्ने लगायत अन्य बाह्य योजना तर्जुमामा अवरोध खडा गऱ्यो- पुस्तकमा उल्लेख छ। दुर्भाग्यवश सन् १९७७ को आमनिर्वाचनमा इन्दिरा गान्धी पराजित भइन्। योसँगै तराई विलय र अन्य गृहकार्यले मूर्तरुप पाउन सकेन। तर भारतको आन्तरिक कारणले मात्र होइन कि नेपालको चीनसँगको मजबुत अन्तर्राष्ट्रिय सम्बन्ध र त्यसबेला प्रतिबद्ध सरकार भएकाले भारतले हस्तक्षेप गर्न सकेन।

सन् १९७५ मा सिक्किमलाई भारतमा गाभ्न 'रअ' का तत्कालीन प्रमुख काओ निर्देशन र योजनामा 'रअ' का अधिकारीहरू के. शरणम 'नेयर, पिएन बनर्जी, एजितसिंह सयाली र जिविएस सिन्धुले प्रत्यक्ष भूमिका निर्वाह गरेका थिए। तराई विभाजनसम्बन्धी योजना बनाउन पनि सोही टिम संलग्न थियो। त्यतिबेला बनर्जी 'रअ' को कोलकाता स्टेशनका प्रमुख थिए भने सयाली सिक्किममै रहेर विलयका लागि तत्कालीन नेता काजी लेण्डुप दोर्जे र उनी समर्थक कार्यकर्तालाई प्रभावमा पारेका थिए।

तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूका पिसओं (पर्सनल सेक्युरिटी) अफिसर समेत रहेका काओलाई सन् १९६८ मा 'रअ' को संस्थापक चिफ बनाइएको थियो। इन्टेलिजन्स ब्युरोबाट २५० जनाको जनशक्तिसहित रअको स्थापना भएको यादवले किताबमा उल्लेख गरेका छन्। १० मे १९१८ मा कस्मिरी पण्डित परिवारमा जन्मेका काओको जनवरी २००२ मा मुटुको व्यथाले मृत्यु भएको थियो। सिक्किम विलयको भित्री पाटो सन् २०२७ पछि मात्रै सार्वजनिक हुने यादवले पुस्तकमा बताएका छन्। अमेरिका, चीन जस्ता शक्ति राष्ट्रबाट उत्पन्न हुने जोखिममाझ तीन हजार वर्गमाइल क्षेत्रफल ओगटेको सिक्किम गाभियो। काओले त्यसबारे विस्तृत संस्मरण लेखेका छन्। जसलाई नेहरू मेमोरियल म्युजियम एन्ड लाइब्रेरीमा राखिएको छ। काओले आफ्नो निधन भएको २५ वर्षपछि मात्र त्यो सार्वजनिक गर्नु भनेका छन्। सन् २०२७ पछि त्यो सम्भवतः खुल्नेछ यादवले लेखेका छन्।

पहिलो संविधानसभा निर्वाचनपूर्व तराईमा गृह मन्त्रालयले टेबल राखेर आप्रबासी भारतीयहरूलाई नेपाली नागरिकता बाँड्यो। दोस्रो संस्करणको संविधानसभा चुनावअघि पनि यसरी नै नागरिकता बाँडियो। ४५ लाख बढी भारतीयहरूले नेपाली नागरिकता पाइसकेका छन्। नाकाबन्दीताका भारतीय गृहमन्त्री राजनाथ सिंहले तराईमा १ करोड भारतीय रहेको बताएका थिए।

## ब्यासका...

ब्यासी सौका समुदायको मुख्य चरन क्षेत्र कौवा र तिल्सी थिए। २०१८ सालमा ताक्लाकोट बजारबाट गाउँ फर्किंदा आफू र सँगै आएका साथीलाई कालापानीमा रहेका पीएससी (अर्धसैनिक बल) का जवानले उतै फिर्ता पठाएको तिंकरीले सुनाए। 'तिल्सीमा हातमा डन्डा र टाउकोमा एक रातो टोपी लगाएका मानिसले हामीलाई ताक्लाकोटतिरै फर्काएका थिए' उनले भने। पछि गाउँ फर्किएपछि मात्रै कालापानीमा भारतीय सैनिक बसेको थाहा पाएको उनले सुनाए।

तिल्सी क्षेत्रमा भारतीय सैनिकको क्याम्प राखेपछि आफूहरूले भेडाबाखा चराउन छाडेको र कालापानी लिपुलेक नाकाबाट ताक्लाकोट बजार जान नपाएको तिंकरी सुनाउँछन्। 'भारत र चीन युद्धअघि नै कालापानी क्षेत्र भारतकै नियन्त्रणमा रहेकाले सन् १९६२ मा भारत र चीनको व्यापार बन्द भएको थियो' उनले भने। तिंकरीका अनुसार भारतीय सुरक्षाकर्मीले अवरोध गरेपछि स्थानीय बासिन्दाले तिंकर भन्ज्याङ हुँदै ताक्लाकोट व्यापार गर्न थालेका हुन्। पहिलेदेखि चीनसँगको व्यापार तिंकर र भन्ज्याङबाट हुँदै आए पनि तिंकर र छाङरुका बासिन्दालाई लिपुलेकबाट सजिलै हुन्थ्यो। तिल्सी क्षेत्रमा भारतीय सैनिक परेड खेल्न थालेपछि ब्यासीहरूले मल्लो, कौवा र तल्लो कौवा क्षेत्रमा भेडाबाखा, घोडा, खच्चर, चौंरी लगायतका गाईवस्तु चराउन थाले' ऐतवालले भने।

उनका अनुसार पञ्चायतकालमा कौवा क्षेत्रसम्म नेपाल प्रहरीको उपस्थिति थियो। बहुदल आएपछि कौवामा प्रहरी बस्न छाडेपछि चरन क्षेत्र खुम्चिँदै गयो। सशस्त्र द्वन्द्व सुरु भएयता ब्यासमा सुरक्षाकर्मी जानै छाडेपछि भारतीय सैनिकले कौवाभन्दा माथिको नेपाली भूमि पनि नियन्त्रणमा लियो। उक्त क्षेत्रमा अहिले गाईवस्तु चराउन छाडिएको छ।' अहिले सीता पुलभन्दा माथिल्लो कौवातिर जाँदा भारतीय सुरक्षाकर्मीले निगरानी बढाउने हुँदा डरले कोहीप जाँदैनन्' ऐतवालले सुनाए। महाकालीको मुहान कुटीप्को माथिल्लो भाग लिम्पियाधुरा नजिकको ल्याङ्प्याङ फेदबाट निस्कन्छ। स्थानीय सौका समुदायले आफ्नो भाषामा महाकालीलाई कुटी याङ्दी भन्छन्। लिम्पियाधुराको काखमा कालापानी पर्छ, यही ठाउँमा कालीदेवीको मन्दिर छ। भारतले तिल्सीमा सैनिक बसालेर सानो खोल्साबाट निस्केको तुरतुरे पानी जम्मा गरेर तलाउ बनाएको छ। तलाउभित्र कालोढुंगा बिछ्याइएकाले पानी कालो देखिन्छ। भारतले त्यसैलाई काली (महाकाली) को मुहान भन्दै आएको छ। त्यही छेउमा कालीदेवीको मन्दिर निर्माण गरेर पूजा गर्ने गरेको र लिपु भन्ज्याङबाट आउने लिपुखोलामा मिसाएको छ। गुन्जी दोभानको उत्तर पश्चिमबाट आएको ठूलो नदीसँग उत्तर पूर्वबाट आएको सानो खोला मिसिएको छ जुन उत्तर पश्चिमबाट आउनेभन्दा धेरै सानो छ' तिंकरीले भने, त्यसलाई नै भारतले महाकाली नदी भन्दै आएको छ।

त्रिदेशीय सीमा क्षेत्र पहिल्यैदेखि राज्यको उपेक्षाका कारण भारतले अतिक्रमण गरी सैनिक इलाका बनाइसकेको छ। पछिल्लो समय भारतले नेपाली भूमि गुन्जी, कालापानी हुँदै लिपुलेकबाट ताक्लाकोट जोड्ने मानसरोवर धार्मिक सडकको ट्र्याक खोलिसकेको छ। भारतले चीनसँगको सैन्य रणनीति, व्यापार र धार्मिक महत्वका कारण ब्यासलाई रणनीतिक महत्वको क्षेत्रको रुपमा लिएको छ। लिपुलेकबाट नाका सञ्चालन भए आफूलाई व्यापार विस्तार हुने तथा धार्मिक पर्यटक विकासबाट राम्रो आम्दानी हुने भएकाले चीन पनि सहमत भएको बुझ्न सकिन्छ। अतिक्रमित क्षेत्रमा परेका नेपालीको बसोबास रहेका गाउँ नाबी, गुन्जी र कुटीका बासिन्दालाई त्यतिबेलादेखि नै भारत सरकारबाट सामाजिक, आर्थिक समृद्धिका कार्यक्रम लागू गरेर विभिन्न सुविधा तथा आरक्षण दिइएको छ। नेपालतर्फ त्यहाँ पुग्ने बाटो समेत छैन। स्थानीयले ब्यास जान र आउन भारतीय बाटो प्रयोग गर्नुपर्छ। स्थानीय स्तरमा उत्पादन नहुने हुँदा खान र स्वास्थ्य उपचारका लागि भारतकै भर पर्नु परेको छ। नेपालतर्फका बासिन्दा महँगी, अभाव र गरिबीको चपेटामा परेर कष्टपूर्ण जीवन जिउँदै आएका छन्। लामो समयसम्म राज्यको उपस्थिति नहुँदा ब्यासकै करिब चार सय वर्गकिलोमिटर भूभाग भारतीय सैनिकको नियन्त्रणमा छ। ब्यास क्षेत्रमाम भारतले आधा दर्जन सैनिक टुकुडी राखेको छ। भारतले ब्यास क्षेत्रलाई लक्षित गरी गुन्जी कालापानीमा ठूलो सैनिक ब्यारेक राखेको छ। गुन्जीमा ठूलो हेलिप्याड बैंक शाखा खोलिएको छ।

## ४ हजार...

५७ घर उच्च जोखिममा रहेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ।

मनसुनजन्य विपद्बाट क्षति हुन नदिन पूर्वतयारी अवस्थामा रहन जिल्लास्थित स्थानीय तहलाई निर्देशन दिइएको छ। समितिले बाढी, डुबान तथा कटान हुनसक्ने जोखिमयुक्त क्षेत्रको पहिचान गर्ने, सम्भाव्य उच्च जोखिममा रहेका बस्तीको पहिचान गरी प्रभावित हुनसक्ने परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरणार्थ

सहजीकरण गर्न आग्रह गरेको छ।

अत्यावश्यक आवयश्यक खाद्य तथा गैरखाद्य सामग्री भण्डारण गर्ने, बाढीको समयमा नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ-दाउरा संकलन गर्नेजस्ता कार्यलाई निषेध गर्ने, महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा अपांगता भई उच्च जोखिममा रहेका नागरिकको सुरक्षामा विशेष ध्यान दिने, आपत्कालीन प्रतिकार्यका लागि सामग्रीसहित खोज तथा उद्धार कार्यमा तत्काल खट्न सक्ने गरी जिल्लास्थित सुरक्षा निकाय तयारी अवस्थामा राख्न आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पोडेलले बताएका छन्।

## जापानको...

रुपैयाँ अनुदान दिने भएको छ।

नेपाल सरकार र जापान सरकारबीच बुधबार अर्थ मन्त्रालयमा जेडीएस कार्यक्रमको तेस्रो चरण कार्यान्वयनका लागि अनुदानसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको हो। सम्झौतापत्रमा अर्थसचिव अर्जुनप्रसाद पोखरेल र नेपालका लागि जापानी राजदूत किकुता युताकाले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार सन् २०२३ र २०२४ मा निजामती कर्मचारीलाई छात्रवृत्ति उपलब्ध गराउन जापान सरकारले ३८ करोड ५० लाख रुपैयाँ (४२ करोड ४० लाख जापानी येन) अनुदान उपलब्ध गराउनेछ। यो अनुदान रकम निजामती कर्मचारीलाई दिइने स्नातकोत्तर र पीएचडी तहको छात्रवृत्ति कार्यक्रमका लागि खर्च गरिनेछ। जापान सरकारले नेपाललाई सन् २०१५ देखि यस्तो सहयोग उपलब्ध गराउँदै आएको छ।

जेडीएस कार्यक्रमअन्तर्गत जापानले सन् २०१६ देखि २०२२ सम्म दुई चरणमा गरेर एक सय जना निजामती कर्मचारीलाई छात्रवृत्ति प्रदान गरिसकेको छ। तेस्रो चरणको यो छात्रवृत्ति कार्यक्रमबाट २० जनाले स्नातकोत्तर र दुई जनाले विद्यावारिधि तह पढ्न पाउनेछन्। सम्झौता कार्यक्रममा अर्थ मन्त्रालयअन्तर्गतको अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखा प्रमुख श्रीकृष्ण नेपाल र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का वरिष्ठ प्रतिनिधि लिजुका केनिचिरो पनि सहभागी थिए।

## भानुभक्तको...

कान्तिपुरी नगरी कविता लेखेका थिए त्यसबेला काठमाडौंमा 'कोतपर्व (१९०३) भएको थियो। होनहार राष्ट्रसेवकहरू त्यस हत्याकाण्डमा मारिएका थिए। तर त्यस विषयमा भानुभक्तले कलम चलाएनन्। बरु काठमाडौंमा घुम्दै रसिक कविताहरू लेखे।

१९११ मा जंगबहादुरले मुलुकी ऐन ल्याए। त्यसबारे पनि भानु मौन बसे। उनलाई मुलुकी ऐन मन परेन वा पऱ्यो कतै उल्लेख गरेका छैनन्। भानुलाई गजाधर सोतीकी श्रमितीका आँखाबाट हेर्ने हो भने थाहा लाग्छ उनी कति महिलामैत्री थिए।

गजाधर सोतीकी घर बूढी अलच्छिनकी रहिछन्

नरक जानलाई सबसित बिदावारी भइछन्

भनेर रिस पोखेका छन् उनले। अर्को ठाउँ बधु शिक्षामा महिलामाथि व्यंग्य गर्दै लेखेका छन्-

हाँस्नु छैन कदापि नारीहरूले वेश्या हुने हाँस्दछन्

यसरी लेख्ने भानुभक्तलाई अहिलेका महिलाहरूले कसरी सम्मान गर्ने ? यी असाध्य रिसाहा बाहुन थिए। छोरा रामनाथलाई थुनामा परेका बेला यिनले लेखेको चिठीमा 'पढिनस् भन्या मार्न्या छु काट्न्या छु' भन्ने उल्लेख छ। राणाकालमा जेल परेका बेला उनले लेखेका कविता तत्कालीन राणाशासन अत्याचार विरुद्धमा लेखिएको छैन, जस्तो कविशिरोमणि लेखनाथले 'पिँजडाको सुँगा' भनेर लेखे। भानुभक्त त रिस पोख्छन्- लामखुट्टे, उपियाँहरूलाई।

लामखुट्टे उपियाँ उडुस यी सँगी छन् यिनकै लहडमा बसी

लामखुट्टेहरू गाउँछन् ती उपियाँ नाच्छन् म हेर्छु बसी।

जहाँसम्म घाँसीबाट प्रेरणा पाएर कविता लेखे भनिएको छ, त्यसबेला घाँस बेच्ने चलन नै थिएन। जे होस् रामायणलाई संस्कृतबाट अनुवादमात्र होइन, उनले त्यसमा आफ्नो मौलिकता झल्काएको हुनाले आजसम्म उनी रामायणमा जीवित नै छन्। त्यतिबेलादेखि आजसम्म सबका मुखमा त्यही रामायणको श्लोक घन्की रहेको सुनिन्छ-

एक दिन नारद सत्य लोक पुगिगया लोकको गरुँ हित भनी....

## सीताको...

भ्रमणमा उहाँको पनि सहभागिता थियो", शोक सन्देशमा भनिएको छ, 'उहाँको निधनप्रति हामी गहिरो दुःख व्यक्त गर्दछौं।' उक्त पार्टीले यस कठिन घडीमा नेपालको राष्ट्रिय विकासको नेतृत्व गर्न प्रधानमन्त्री दाहालको दृढशक्तिको कामनासमेत गरेको छ। प्रधानमन्त्री दाहाल पत्नीको बुधबार बिहान थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भएको हो।

यसैगरी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पत्नी सीता दाहालको निधनप्रति दुःख व्यक्त गरेका छन्। प्रधानमन्त्री मोदीले आज सामाजिक सञ्जाल ट्वीटरमार्फत सीता दाहालको दुःखद निधन भएको खबरले मर्माहत भएको उल्लेख गरेका छन्। साथै, उनले प्रधानमन्त्री दाहालप्रति समवेदना प्रकट गर्दै दिवंगत आत्मालाई चिरशान्ति मिलोस् भनी प्राथना गरेका छन्।

सीता दाहालको थापाथलीस्थित नर्भिक अन्तर्राष्ट्रिय अस्पतालमा उपचारका क्रममा ६९ वर्षको उमेरमा आज बिहान ८ बजेर ३३ मिनेटमा निधन भएको हो। दाहाल पार्किन्सन रोगका कारण लामो समयदेखि अस्वस्थ थिइन्। उनलाई स्वास्थ्यमा समस्या देखिएपछि नर्भिक अस्पताल भर्ना गरिएको थियो। दाहाल माओवादी केन्द्रको सल्लाहकार समेत थिइन्।

## जनगणना...

मापन गर्दा सहरी क्षेत्रमा पाँच लाख ८५ हजार सात सय ८२ र ग्रामीण क्षेत्रमा एक लाख ८६ हजार दुई सय १६ जना छुट्न गएको कार्यालयले हालै सार्वजनिक गरेको गणना जाँच सर्वेक्षण (पिइएस) प्रतिवेदनमा उल्लेख छ। जनगणनामा २.७३ प्रतिशत मानिस छुट्न गएको सर्वेक्षणले देखाएको छ। ग्रामीणको तुलनामा सहरीमा र सहरीमध्ये पनि काठमाडौं उपत्यकामा बढी त्रुटि देखिएको छ। कुल त्रुटिदरमा ग्रामीण क्षेत्रको हिस्सा १.९६ र सहरीको ३.१३ प्रतिशत छ। त्यस्तै, सबैभन्दा बढी त्रुटिदर काठमाडौं उपत्यकामा ४.६० प्रतिशत छ। कोसीमा सबैभन्दा कम अर्थात् १.९८ प्रतिशत त्रुटि मापन भएको छ।

गणना जाँच सर्वेक्षणले जनगणनामा मानिस छुटेको देखाए पनि यो संख्या तथ्यांक कार्यालयले यसअघि सार्वजनिक गरेको कुल जनसंख्यामा भने जोडिँदैन। कार्यालयका सूचना अधिकारी मनोहर घिमिरेका अनुसार जनगणनाको आधिकारिक तथ्यांक कार्यालयले यसअघि सार्वजनिक गरेको अन्तिम नतिजा नै हो। कार्यालयले गत १० चैतमा सार्वजनिक गरेको राष्ट्रिय जनगणना ०७८ अनुसार नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ पुगेको छ। जनगणनाअनुसार पुरुषको संख्या एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१, महिलाको एक करोड ४९ लाख ११ हजार २७ र अन्य लिंगीको संख्या दुई हजार नौ सय २८ छ।

मूल जनगणनाकै विधि र प्रक्रिया अपनाएर जाँच सर्वेक्षण गरिएको थियो। सर्वेक्षणमा नमुनाका रूपमा छानिएका गणना क्षेत्रको जनगणनामा जस्तै पूर्ण गणना गरिएको थियो। सर्वेक्षणको प्रयोजनका लागि देशलाई आठ बृहत् विश्लेषण क्षेत्रमा विभाजन गरी हरेक क्षेत्रबाट सहरी र ग्रामीण क्षेत्रको समुचित प्रतिनिधित्व हुने गरी १० गणना क्षेत्रको हिसाबमा ८० गणना क्षेत्र छानिएका थिए। गणना क्षेत्रमध्ये ५० सहरी र ३० ग्रामीण क्षेत्र छन्। त्यसमा तीनवटै भौगोलिक क्षेत्रको प्रतिनिधित्व छ। सर्वेक्षणका लागि तय गरिएको आठ विश्लेषण क्षेत्रमा बागमती प्रदेशको काठमाडौं उपत्यकाका तीन जिल्लाबाहेकका सात प्रदेशलाई सात क्षेत्र र उपत्यकाका तीन जिल्लालाई आठौं क्षेत्र मानिएको थियो। गणना जाँच सर्वेक्षणमा मूल जनगणनामा प्रयोग गरेको प्रश्नावलीको छोटकरी रूप तयार गरी अपनाइएको थियो। प्रश्नावलीमा मूलतः जनगणनाको समेटाइमा पूर्ण त्रुटि र केही मात्रामा गणना भएका व्यक्तिका वैयक्तिक विशेषतामा विचलन त्रुटिमापनलाई आवश्यक न्यूनतम विषयवस्तु राखिएका थिए।

## औषधि...

आर्थिक वर्षको सोही अवधिमा आयात घटेर खोपसहित ४० अर्ब २३ करोडमा झरेको भन्सार विभागको तथ्यांक छ।

औषधि उत्पादनका लागि प्रयोग गरिने कच्चा पदार्थको समेत आयात घटेको भन्सार विभागको तथ्यांकले देखाउँछ। गत आर्थिक वर्षको ११ महिनामा १४ अर्ब ६९ करोड रुपैयाँको कच्चा पदार्थ आयात गरेकामा चालु आर्थिक वर्षको १० महिनामा १२ अर्ब २९ करोड रुपैयाँको मात्र आयात गरेको छ। औषधि उत्पादक संघ (एपोन) का अनुसार कोभिडअघिको ५ वर्षमा औसत १२ प्रतिशतको उत्पादन वृद्धि र २० प्रतिशतको आयात वृद्धि हुने गरेको थियो। तर यस वर्ष भने सबै घटेको छ। वीरगन्जको मारुती फर्मा कम्पनीले छालाजन्य रोगको औषधिको उत्पादन ४० प्रतिशतले घटाएको जनाएको छ। छालासँग सम्बन्धित रोगको बेवास्ता हुन थालेको फर्माका कार्यकारी निर्देशक प्रभात रुँगटाले बताए।

रूपन्देहीको एसियन फर्मास्युटिकल कम्पनीले पनि १५ देखि २० प्रतिशत उत्पादन घटेको जनाएको छ। कम्पनीले डेन्टल, पेट, हाडजोर्नी, न्युरो, मानसिक रोगलगायत औषधि उत्पादन गर्छ। बजारमा स्त्री तथा प्रसूति रोग, पेट, दुखाइ कम गर्ने औषधिको बिक्री पनि घटेको छ। एसियनका कार्यकारी निर्देशक शंकर घिमिरेका अनुसार औषधिको खपत घट्नुमा विभिन्न कारणमध्ये महँगी मुख्य हो।

नेपाल राष्ट्र बैंकको चालु आर्थिक वर्षको अर्धवार्षिक आर्थिक गतिविधि अध्ययनले मुलुकको आन्तरिक उत्पादनले ४६ प्रतिशत बजार ओगटेको जनाएको छ। 'भारतबाट आयातित औषधिको बजार ५२ प्रतिशत छ भने अन्य देशबाट आयातित औषधिले २ प्रतिशत बजार छ,' प्रतिवेदनमा भनिएको छ। मुलुकमा ३० हजार ७ सय ४८ वटा खुद्रा र थोक फार्मेसी औषधि व्यवस्था विभागमा दर्ता छन्। विभागमा ०७७ माघ १२ सम्म १०३ वटा औषधि उद्योग दर्ता भएको राष्ट्र बैंकको प्रतिवेदनमा छ। राष्ट्र बैंकका अनुसार हाल नेपालको अनुमानित कुल औषधिको बजार ५३ अर्ब छ। आगामी पाँच वर्षमा नेपालमा औषधिजन्य पदार्थको माग वार्षिक ७ प्रतिशतका दरले बढ्दै ७१.६५ टन पुग्ने राष्ट्र बैंकको अनुमान छ।

बजारमा माग कम भयो भन्ने गुनासो सम्बोधन आफूहरूले गर्न नसक्ने औषधि व्यवस्था विभागका सूचना अधिकारी प्रमोद केसीले जनाए। स्वदेशी उद्योगको संरक्षण प्रवर्द्धनका लागि १५ प्रतिशतसम्म महँगो भए पनि सार्वजनिक निकायले स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था छ। यस वर्षको बजेटमा १५ प्रतिशत महँगोको सीमा २० प्रतिशत पुऱ्याइएको छ।

## एकतर्फी...

भइरहेको छ। त्यसैगरी कामपाले आगामी आवदेखि आफ्नो अधिकार क्षेत्रमा पर्ने सडकमा जेब्राक्रसिङमा रङ लगाउने काम पनि गर्ने जनाएको छ। अहिले अधिकांश स्थानका जेब्राक्रसिङ मेटिएका अवस्थामा छ। यस्तो अवस्थामा रहेको जेब्राक्रसिङका कारण दुर्घटनाको जोखिम हुनेहुँदा सडकको मर्मतसम्भार र थप व्यवस्थित गर्नको लागि जेब्राक्रसिङमा रङ लगाएर स्पष्टसँग देख्नसक्ने बनाउन कामपा लागिपरेको छ।

सडक विभागसँगको सल्लाहमा जेब्राक्रसिङमा रङ लगाउने, आवश्यक परेको स्थानमा सडकमा रङ लगाउने कामसहित सडकमा गर्नुपर्ने अन्य कामसमेत गर्ने जनाएको छ। नियमअनुसार आठ मिटरसम्मको सडक कामपाको अधिकारभित्र पर्दछ अन्य सडक सडक विभागको अधिकारभित्र पर्नेछ।

कामपाभित्र आठ मिटरभन्दा कम चौडाइका सडक नौ सय ५० किलोमिटर छ। कामपाभित्र ६२ मिटर चौडाइका सडकसमेत छन्। कामपाले आगमी आवदेखि यस किसिमको व्यवस्था गर्न लागेको हो। कामपाले आगामी आवका लागि सार्वजनिक पूर्वाधार निर्माण तथा सुधारतर्फ गत आर्थिक वर्षको क्रमागत योजनासहित कूल रु सात अर्ब ३४ करोड ६४ लाख ७१ हजार रकम विनियोजन गरेको छ। सोअन्तर्गत सडक निर्माण कार्यलाई थप व्यवस्थित बनाउन रु २५ करोड विनियोजन गरिएको छ। त्यस्तै महानगर क्षेत्रभित्रका सम्पूर्ण सडक तथा पेटीमध्ये 'डिपिआर' भएका सडक तथा पेटी मर्मत तथा निर्माण गरी धुलोरहित काठमाडौं योजनालाई कार्यान्वयन गरी अन्य विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि रु एक अर्ब छुट्याएको छ।

## विशाल...

विशाल नेपालको बारेमा आमनागरिकलाई जानकारी गराउने र विशाल नेपालका लागि जनमत तयार गर्ने उद्देश्यले यो अभियानको सञ्चालन

गरिएको अभियानका संयोजक सुरेन्द्र ढकालले बताए। महाअभियानले साउन ६ गते शनिवार बिहान ७ वजे कोटेश्वर प्रहरी चौकी अगाडि जम्मा भई त्यहाँबाट पूर्व लाग्ने सबै बसहरूमा विशाल नेपालको नक्सा र स्थायी नारा सहितको स्टिकर टाँस्ने कार्यलाई निरन्तरता दिने निर्णय गरेको ढकालले बताए।